**बेखाल बचत तथा ऋण सहकारी संस्था लि.**
बेखाल, भक्तपुर-१०

**कर्मचारी आवश्यकता**

यस बेखाल बचत तथा ऋण सहकारी संस्था लि. को लागि व्यवस्थापक १ जना आवश्यक भएकोले पत्रिकामा प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालयमा निम्निलिखित कागजात संलग्न गरी दर्खास्त दिनुहुन सूचना प्रकाशित गरिएको छ । पहिलो प्राथमिकता अनुभवीलाई दिइनेछ ।

**संलग्न गर्नुपर्ने कागजातहरू**

| क्र.सं. | विवरण | | संलग्न गर्नुपर्ने कागजातहरू |
|---|---|---|---|
| १. | शैक्षिक योग्यता | वाणिज्यशास्त्रमा स्नातक पास | स्नातक पास प्रमाणपत्र |
| २. | उमेर | ४० वर्ष ननाघेको | नागरिकताको प्रतिलिपि |
| ३. | छनोट गर्ने | अन्तर्वार्ता | |
| ४. | अनुभव | कम्प्युटरसम्बन्धी ज्ञान भएको | |
| ५. | तलब सुविधा | आपसी छलफलबाट तय गरिने | |

*आयोजक : सञ्चालक समिति*



भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

*The Worker Daily* दैनिक

Website : www.onlinemajdoor.com



**थालाछेँ बचत तथा ऋण सहकारी संस्था लि.**
थालाछेँ, भक्तपुर-१०, फोन नं.०१-६६१६५८०

**कर्मचारी आवश्यकतासम्बन्धी सूचना**

यस संस्थाको लागि तपसिलमा उल्लेखित कर्मचारी आवश्यक भएको हुँदा इच्छुक नेपाली नागरिकहरूले २०८२ चैत्र १ गतेभित्र दर्खास्त आह्वान गरिन्छ ।

**तपसिल**

| | |
|---|---|
| पद : | कार्यालय सहायक |
| पद सङ्ख्या : | १ जना |
| शैक्षिक योग्यता : | व्यवस्थापनमा +२ उत्तीर्ण |
| वान्छनीय योग्यता : | कम्प्युटरसम्बन्धी तालिम प्राप्त |
| छनोट तरिका : | लिखित र अन्तर्वार्ता |
| उमेर : | १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेका |
| आवेदन दस्तुर : | १००।- |
| तलब स्केल : | संस्थाको नियमानुसार |



★ वर्ष : २८ ★ अङ्क : ३८ ★ ने. सं. ११४६ चिल्ला थ्व, चतुर्दशी ★ सोमबार ★ १८ फागुन, २०८२ ★ March 2, 2026, Monday ★ मूल्य रु.५।– ★ पृष्ठ ८


## “नेमकिपा शोषणमुक्त समाज निर्माणको लागि सङ्घर्षरत छ”




भक्तपुर, १७ फागुन । प्रतिनिधिसभा निर्वाचनको सन्दर्भमा भक्तपुर क्षेत्र नं. १ अन्तर्गत सरस्वती खेलमा नेपाल मजदुर किसान पार्टीको चुनावी जनसभा सम्पन्न भएको छ ।

सभामा नेमकिपाका केन्द्रीय सचिव एवम् भक्तपुर क्षेत्र नं. १ का उम्मेदवार प्रेम सुवालले वर्तमान राजनीतिक व्यवस्थामा देखिएको भ्रष्टाचार, आर्थिक परनिर्भरता र नीतिगत अस्थिरताबाट मुक्ति पाउनका लागि देशभक्त जनताले सही उम्मेदवारको चिह्नमा छाप लगाएर नयाँ युगको सुरुवातको शङ्खघोष गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “प्रजातन्त्रलाई जिताउन र नयाँ पुस्ताले पुन: क्रान्ति गर्नुपर्ने अवस्था अन्त्य गर्न राखिएको भोट देश हितको लागि हुनेछ । राष्ट्रघात विरुद्धको भोट हुनेछ ।”

उहाँले जनताको मत र भावनालाई पालना गर्ने प्रतिबद्धता जनाउँदै शासक दलहरूको नीति र कार्यशैलीले आम जनता आजित भइरहेको बताउनुभयो । ३५ वर्षको बहुदलीय अभ्यासले जनताको अवस्था सुधार्न नसकेको उहाँको भनाइ छ । मतदातालाई मतदानअघि दल र उम्मेदवारको विगतको भूमिकाको समीक्षा गर्न आग्रह गर्दै उहाँले देशलाई नयाँ राजनीतिक दिशामा लैजान नेमकिपालाई विकल्पको रूपमा हेर्नुपर्ने बताउनुभयो ।


उहाँले प्रधानमन्त्री, अर्थमन्त्री, गृहमन्त्री र मन्त्री बनेकाहरूलाई उनीहरूको कार्यकालबारे जवाफदेही बनाउनुपर्ने बताउँदै घोषणापत्र र व्यवहारबिचको दूरीबारे जनतालाई सचेत रहन अपिल गर्नुभयो । “मतदान भनेको कागजमा छाप मात्र होइन, देशको भविष्यमा निर्णय हो, मत माग्न आएका उम्मेदवारसँग देशघातका विषयमा प्रश्न गर्नुपर्छ ।” उहाँले भन्नुभयो ।

उहाँले हतियार निर्यातलाई ‘युद्ध निर्यात’ सँग तुलना गर्दै ठुला शक्तिहरूको हस्तक्षेपले साना राष्ट्रहरू अस्थिर हुने धारणा राख्नुभयो । अमेरिकी ट्रम्प प्रशासनले विभिन्न देशमा आक्रमण गरी मानवताविरोधी गतिविधि गरेको बताउँदै उहाँले अन्तर्राष्ट्रिय शक्ति सन्तुलन अस्थिर

*बाँकी पृष्ठ ८ मा*

## इरान सङ्कट चर्कियो, सर्वोच्च नेता खामेनीको मृत्यु पुष्टि

पेरिस, १ मार्च (एएफपी) । संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि व्यापक हवाई आक्रमण थालेपछि मध्यपूर्व अभूतपूर्व तनावमा धकेलिएको छ । आक्रमणकै क्रममा इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको मृत्यु भएको इरान सरकारले आइतबार बिहान त्यसको पुष्टि गरेको छ । घटनाक्रमले क्षेत्रीय युद्धको जोखिम तीव्र बनाएको छ ।



शनिबार बिहान सुरु भएको अमेरिका-इजरायलको संयुक्त सैन्य अभियानमा तेहरानसहित विभिन्न स्थानका रणनीतिक लक्ष्यहरूमा प्रहार गरिएको जनाइएको छ । इजरायली सेनाले २०० लडाकू जेट परिचालन गरी ५०० भन्दा बढी लक्ष्यमा आक्रमण गरिएको दाबी गरेको छ । वरिष्ठ इरानी अधिकारीहरू भेला भएका स्थानहरू र मिसाइल लन्चरहरू मुख्य निशानामा परेको बताइएको छ ।

त्यसको केही घण्टापछि इरानी राज्य टेलिभिजनले कालो ब्यानरसहित अभिलेख दृश्य प्रसारण गर्दै सर्वोच्च नेता खामेनीको निधन पुष्टि गरेको हो । खामेनीको निधनमा इरानमा ४० दिनको राष्ट्रिय शोक र सात दिन सार्वजनिक बिदा घोषणा गरिएको छ ।

इरानी सञ्चारमाध्यमले खामेनीकी छोरी, ज्वाइँ र नातिनीको पनि मृत्यु भएको जनाएका छन् । देशको न्यायपालिकाले रिभोलुसनरी गार्डका प्रमुख जनरल मोहम्मद पाकपुर र शीर्ष सुरक्षा सल्लाहकार अली शामखानी आक्रमणमा ‘सहिद’ भएको पुष्टि गरेको छ । खामेनीको निधनपछि राष्ट्रपति मसुद पेजेस्कियनसहित दुई वरिष्ठ अधिकारीहरूले अस्थायी रूपमा नेतृत्व सम्हाल्ने सरकारी टेलिभिजनले जनाएको छ ।

तेहरानमा आइतबार पनि शक्तिशाली विस्फोटका आवाज सुनिएका एएफपीका संवाददाताहरूले बताएका छन्, यद्यपि स्रोत स्पष्ट हुन सकेको छैन । इरानको न्यायपालिकाले मिनाबस्थित एक बालिका विद्यालयमा भएको आक्रमणमा १०८ जनाको मृत्यु भएको जनाएको छ, तर एएफपीले स्वतन्त्र पुष्टि गर्न सकेको छैन ।

अमेरिका र इजरायलको कारबाहीको प्रतिउत्तरमा इरानको रिभोलुसनरी गार्ड्सले इजरायलतर्फ मिसाइल र ड्रोन आक्रमणको पहिलो लहर सुरु गरेको छ । शनिबार बहराइनस्थित अमेरिकी पाँचौँ फ्लीट र खाडी क्षेत्रका अन्य अमेरिकी अड्डाहरूलाई पनि लक्षित गरिएको दाबी गरिएको छ । इजरायलको म्यागेन डेभिड एडोम आपत्कालीन सेवाका अनुसार तेल अभिव क्षेत्रमा एक महिलाको मृत्यु भएको र कम्तीमा २१ जना घाइते भएका छन् । देशभर खोज तथा उद्धार टोली परिचालन गरिएको छ ।

खामेनीको मृत्युपछि आईआरजीसीले ‘इतिहासकै सबैभन्दा हिंसक’ अपरेसन सुरु गर्ने चेतावनी दिएको छ । खाडी क्षेत्रभर विस्फोटका घटनाहरू रिपोर्ट भएका छन् । संयुक्त अरब इमिरेट्सले अबुधाबीमा एक पाकिस्तानी नागरिकसहित दुई जनाको मृत्यु भएको जनाएको छ भने आफ्नो भूभागमा १३७ मिसाइल र २०९ ड्रोन प्रहार गरिएको दाबी गरेको छ । दुबईमा विस्फोटको आवाज र ‘द पाम’ क्षेत्रमा धुवाँ देखिएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । चार जना घाइते भएका छन् ।

रियाद, मनामा र दोहामा पनि ठुलो विस्फोटको आवाज सुनिएको एएफपीका संवाददाताहरूले जनाएका छन् । कतारले आफूविरुद्ध प्रहार गरिएका थुप्रै क्षेप्यास्त्र रोकेको दाबी गरेको छ । इराकस्थित कातेब हिजबुल्लाह समूह आबद्ध सैन्य अड्डामा भएको हवाई आक्रमणमा दुई जनाको मृत्यु भएको छ र उक्त समूहले अमेरिकाविरुद्ध जवाफ दिने चेतावनी दिएको छ । इरानले रणनीतिक होर्मुज जलडमरूमध्य बन्द गर्न कदम चालेको घोषणा गरेको छ, जसबाट विश्वको ठुलो हिस्सा तेल तथा ग्यास आपूर्ति हुँदै आएको छ ।

विकासक्रमले अन्तर्राष्ट्रिय समुदायलाई पनि गम्भीर चिन्तामा पारेको छ । संयुक्त राष्ट्र सुरक्षा परिषद्ले आपत्कालीन बैठक बोलाएको छ । इरानका प्रतिनिधिले अमेरिका र इजरायलमाथि सर्वसाधारणमाथि आक्रमण गरी सम्भावित युद्ध अपराध गरेको आरोप लगाएका छन् । संयुक्त राष्ट्रसङ्घका

*बाँकी पृष्ठ ८ मा*

## देश र जनताको पक्षमा कानुन बनाउन आवश्यक




काठमाडौँ, १७ फागुन । नेपाल मजदुर किसान पार्टी काठमाडौँ क्षेत्र नं. ९ को निर्वाचन परिचालन समितिको आयोजनामा बलम्बुस्थित महालक्ष्मी स्थानमा आइतबार चुनावी सभा भयो ।

सभामा नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापागरले नेमकिपाका सबै उम्मेदवारहरू राजनीतिकरूपले जुझारू, सिद्धान्तनिष्ठ, इमानदार हुनुको साथै देश र जनताप्रति नि:स्वार्थपूर्वक सेवा गर्न तत्पर रहेको बताउनुभयो ।

ठुला भ्रष्टाचारीहरूको सम्पत्ति जफत गरी मृत्युदण्डको कानुन बनाउन नेमकिपाले जोड दिइरहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, “एमसीसी सम्झौता राष्ट्रघाती भएकोले त्यो पारित गर्ने सबै एक दिन सजायभागी हुनेछ ।”

यो निर्वाचनमा देशघातीहरूलाई हराउनुपर्ने र देशभक्तहरूलाई जिताउनुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो ।

नेमकिपाका प्रतिनिधिहरूले देश र जनताको पक्षमा कानुन बनाउन सङ्घर्ष गर्ने उहाँले स्पष्ट गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले नेमकिपाले निर्वाचनलाई समाजवादी प्रचार अभियानको रूपमा लिई जनतालाई राजनीतिक रूपमा सचेत गरिरहेको छ भन्नुभयो ।

समाजवादी व्यवस्थामा शिक्षा, स्वास्थ्य उपचार नि:शुल्क,

*बाँकी पृष्ठ ८ मा*

## व्यङ्ग्यचित्र कुनो






# आदर्श आजादमा वसन्त पर्व उत्सव तथा सांस्कृतिक कार्यक्रम




भक्तपुर, १७ फागुन । आदर्श आजाद माध्यमिक विद्यालय र काठमाडौँ विश्वविद्यालयस्थित कन्फ्युसियस इन्स्टिच्युटको संयुक्त आयोजनामा विद्यालयमा सञ्चालन भइरहेका चिनियाँ भाषा कक्षाहरूको सक्रियतामा 'वसन्त पर्व उत्सव तथा सांस्कृतिक कार्यक्रम' शुक्रबार विद्यालय परिसरमा सम्पन्न भयो ।

चिनियाँ नयाँ वर्ष चिनियाँ समुदायको सबैभन्दा महत्त्वपूर्ण परम्परागत पर्व हो, जसले एकता, आशा र नयाँ सुरुवातको सन्देश दिन्छ । सन् २०२६ चिनियाँ पात्रोअनुसार घोडा वर्ष हो, जसले शक्ति, प्रगति र अग्रसरताको प्रतीकका रूपमा चिनिन्छ । यस अवसरमा अतिथिहरूले सम्पूर्ण विद्यार्थी तथा शिक्षकहरूलाई नयाँ वर्षको शुभकामना व्यक्त गर्दै विद्यालयको समृद्धि र उज्ज्वल भविष्यको कामना गर्नुभयो ।

कार्यक्रममा काठमाडौँ विश्वविद्यालयस्थित कन्फ्युसियस इन्स्टिच्युटका चिनियाँ शिक्षक छिउ कुआङ-मीन (Qiu Guangmin) ले विद्यार्थीहरूको उत्कृष्ट प्रस्तुतिको प्रशंसा गर्दै इन्स्टिच्युटले सञ्चालन गरिरहेको चिनियाँ भाषा शिक्षण तथा सांस्कृतिक आदान-प्रदान कार्यक्रमबारे जानकारी दिए । उहाँले चिनियाँ भाषा अध्ययनले विद्यार्थीहरूलाई चिनियाँ संस्कृति बुझ्नमात्र नभई भविष्यमा चीनमा अध्ययन तथा अन्तर्राष्ट्रिय अवसरहरू प्राप्त गर्न सहयोग पुऱ्याउने बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक चक्रबहादुर चाकतुले कन्फ्युसियस इन्स्टिच्युटको निरन्तर सहयोगप्रति आभार व्यक्त गर्दै चिनियाँ भाषा शिक्षणले विद्यालयको शैक्षिक वातावरणमा सकारात्मक परिवर्तन ल्याएको उल्लेख गर्नुभयो । उहाँले इन्स्टिच्युटबाट खटिएका शिक्षकहरूको समर्पण र व्यावसायिकताको उच्च प्रशंसा गर्नुभयो ।

विद्यार्थी निकेतन माध्यमिक विद्यालयका प्रधानाध्यापक न्हुछेबहादुर खताखोले कार्यक्रमको सफलताप्रति बधाई दिँदै विद्यार्थीहरूलाई अन्तर्राष्ट्रिय दृष्टिकोण विस्तार गर्न चिनियाँ भाषा अध्ययनमा सक्रिय हुन आग्रह गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि राजेन्द्र चवालले चिनियाँ नयाँ वर्षको ऐतिहासिक पृष्ठभूमि र सांस्कृतिक महत्त्वबारे जानकारी दिँदै भाषा अध्ययनलाई संस्कृति र इतिहाससँग जोडेर अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो ।

आदर्श आजाद माविमा सञ्चालन भइरहेका चिनियाँ भाषा कक्षाका विद्यार्थीहरूले विविध सांस्कृतिक प्रस्तुति दिएका थिए । विद्यार्थी निकेतन माविमा सञ्चालन भइरहेको चिनियाँ भाषा कक्षाका विद्यार्थीहरूको पनि सक्रिय सहभागिता रहेको थियो ।

कार्यक्रममा उपप्रधानाध्यापक शुभद्रा दुवालले स्वागत मन्तव्य दिँदै विद्यालयमा सञ्चालन भइरहेको चिनियाँ भाषा शिक्षणको अवस्थाबारे जानकारी गराउनुभयो । कार्यक्रमको समापनमा कन्फ्युसियस इन्स्टिच्युटबाट विद्यालयमा खटिएकी शिक्षिका लिशा दनेखुलेले सम्पूर्ण अतिथि, अभिभावक, शिक्षक तथा विद्यार्थीहरूलाई धन्यवाद व्यक्त गर्नुभयो ।

हाल आदर्श आजाद माध्यमिक विद्यालयमा कक्षा ६, ७, ८, ११ र १२ मा चिनियाँ भाषा कक्षा सञ्चालन भइरहेको जानकारी शिक्षिका दनेखुलेले दिनुभयो ।

# नइले विजय मल्ल शताब्दी महोत्सव मनायो

काठमाडौँ, १७ फागुन । नइ एकेडेमीले सुविख्यात नाटककार, आख्यानकार तथा कवि विजय मल्लको शनिबार काठमाडौँमा शताब्दी महोत्सव मनाएको छ । त्यस अवसरमा विजय मल्लका सिर्जनात्मक कृतिको संवर्धनमा उल्लेखनीय योगदानका लागि ४६ जना प्राज्ञ, साहित्यकार, नाट्य र चलचित्रका कर्मीलाई विजय मल्ल नइ शताब्दी पुरस्कार र पदकबाट विभूषित गरिएको थियो ।

नइ एकेडेमीका कुलपति इन्दिरा प्रसाईले प्रमुख अतिथि महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीलाई 'विजय मल्ल नइ शताब्दी पदक' बाट विभूषित गर्नुभयो ।

समारोहका प्रमुख अतिथि समालोचक प्रा.डा. वासुदेव त्रिपाठीले विजय मल्लका सिर्जनात्मक योगदानको अध्ययन र विद्यावारिधि अनुसन्धानमा समर्पित भई प्राज्ञिक कार्य गरेबापत नेपाल तथा भारतका सात जना प्राज्ञलाई जनही २५-२५ हजार रूपैयाँ राशिसहित




'विजय मल्ल नइ शताब्दी पुरस्कार' बाट पुरस्कृत गर्नुभयो । पुरस्कृत हुने प्राज्ञहरूमा डा. रमा शिवाकोटी, डा. साधना पन्त 'प्रतीक्षा', डा. लेखराज खतिवडा, डा. गोपालप्रसाद गैरे, डा. भगवानचन्द्र ज्ञवाली, डा.नित्यानन्द खतिवडा र प्रा.डा. कृष्णराज घतानी हुनुहुन्छ ।

त्यसैगरी, विजय मल्लका सिर्जनात्मक कृतिमा आधारित नाट्यमञ्चन तथा चलचित्र निर्माणमा उल्लेखनीय योगदान दिएबापत ३८ जनालाई 'विजय मल्ल नइ शताब्दी पदक' समर्पण गरिएको छ । सो पदकबाट विभूषित हुनेहरूमा अंशुमाला शाही, कृष्ण मल्ल, प्रा. केशव सुवेदी, गौतमरत्न तुलाधर, चन्द्रमाला शर्मा, चैत्यदेवी, टीका पहारी, प्रा.डा.दयाराम श्रेष्ठ, डा. दुर्गाबहादुर घर्तीमगर, प्रा.डा. देवीप्रसाद गौतम, प्रा.डा. देवीप्रसाद सुवेदी, नगीना जोशी, नगेन्द्र थापा, नारायणदेवी प्रधान, नीर शाह, प्रेमबहादुर बस्नेत, भुवन केसी, मदनदास श्रेष्ठ, प्रा.डा. महादेव अवस्थी, मुरलीधर, मोतीशोभा श्रेष्ठ, रवीन्द्र खड्का, राधेश्याम प्रधान, रीतादेवी प्रधान, रेणु श्रेष्ठ, लक्ष्मी श्रेष्ठ, लक्ष्मीनाथ शर्मा, वसन्त श्रेष्ठ, शकुन्तला शर्मा, शिव श्रेष्ठ, शैलेन्द्र सिम्खडा, सन्तोष पन्त, सुवर्ण क्षत्री, सुषमा शाही, सूर्यमाला शर्मा, हरिबहादुर थापा, हरिहर शर्मा र प्रा.डा. हेमचन्द्र नेपाल हुनुहुन्छ ।

नइ एकेडेमीका कुलपति श्रीमती इन्दिरा प्रसाईको सभापतित्वमा सञ्चालित सो समारोहमा महासमालोचक प्रा.डा. वासुदेव त्रिपाठी, प्रा.डा. दयाराम श्रेष्ठ, प्रा.डा. कृष्णराज घतानी, चैत्यदेवी, मदनदास श्रेष्ठ, लक्ष्मीनाथ शर्मा, हरिहर शर्मा र सदस्यसचिव नरेन्द्रराज प्रसाईले स्रष्टा विजय मल्लको योगदानबारे चर्चा गर्नुभयो ।

# आचारसंहिताविपरीत गतिविधिमा तिव्रता

भक्तपुर, १७ फागुन । भक्तपुर जिल्ला र देशभरका विभिन्न ठाउँबाट नयाँ पुराना भनिएका दलहरूले आचारसंहिताविपरीत टिसर्त, क्याप, ब्याच बनाई बिक्री वितरणका लागि गाउँ बजारमा राखिएका छन् । त्यस्तै रोड शो, मोटरसाइकल ऱ्यालीलगायतका आचारसंहिताविपरीतका गतिविधिहरू तीव्र देखिएका छन् ।

यस सन्दर्भमा निर्वाचन कार्यालय तथा स्थानीय प्रशासनलाई खबर गर्दा आचारसंहिता अनुगमनकर्तालाई भन्नु भन्दै पन्छिने गरिएको छ । कारबाही या नियन्त्रण गर्न प्रमुख जिल्ला अधिकारीलाई खबर गर्दा पनि कुनै कदम चालिएको अवस्था छैन ।

रोड शो तथा मोटरसाइकल ऱ्याली त सामाजिक सञ्जालमा व्यापक प्रचार प्रसार गरेर नै आचारसंहिताको धज्जी उडाएको देखिन्छ । यसतर्फ स्थानीय प्रशासन मूकदर्शक मात्र होइन, ती नै दलका नेता कार्यकर्ताको अघिपछि सुरक्षार्थ लागेको देखिएको छ ।

त्यसैले आचारसंहिताविपरीतका गतिविधि गर्नेहरू अझ बढी उत्साहित भएको हो कि ? भन्ने जनताको गुनासो छ ।

कानुनविपरीत गतिविधि गर्ने दलहरूलाई सरकार, निर्वाचन आयोग र प्रशासनले सजाय नदिए जनताले मत नदिएर सजाय दिने पक्का छ ।

# काठमाडौँमा ३२० मतदान स्थल र ८१७ मतदान केन्द्र

काठमाडौँ, १७ फागुन । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सबैभन्दा धेरै १० वटा निर्वाचन क्षेत्र रहेको काठमाडौँमा ३२० मतदान स्थल र ८१७ मतदान केन्द्र कायम गरिएको जिल्ला निर्वाचन कार्यालय काठमाडौँले जनाएको छ ।

दस वटा निर्वाचन क्षेत्रमा तीन लाख ६४ हजार महिला, तीन लाख ४६ हजार ११६ पुरुष, र अन्य सात गरी कूल सात लाख १० हजार ७०८ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय काठमाडौँका सूचना अधिकारी सृजना रायमाझीले जानकारी दिनुभयो ।

काठमाडौँ, निर्वाचन क्षेत्र नं. १ मा २२ वटा मतदानस्थल र मतदान केन्द्र ५७ छन् । यहाँ २५ हजार २५२ महिला र २३ हजार २३७ पुरुष गरी कुल ४८ हजार ८४९ मतदाता रहेका छन् ।

काठमाडौँ क्षेत्र नं. २ मा ४० वटा मतदानस्थल र मतदान केन्द्र १०० छन् । यस क्षेत्रमा पुरुष मतदाता ४५ हजार ३१५ र महिला मतदाता ४३ हजार ३९३ गरी कुल मतदाता ८८ हजार ७०८ रहेको पनि उहाँले सुनाउनुभयो ।

काठमाडौँ क्षेत्र नं ३ मा २९ मतदानस्थल र मतदान केन्द्र ७२ छन् । यस क्षेत्रमा महिला मतदाता ३२ हजार ९२३ र पुरुष मतदाता ३१ हजार ५५६ गरी कुल ६४ हजार ४७९ मतदाता रहेका छन् ।

काठमाडौँ क्षेत्र नं. ४ मा ३३ मतदानस्थल र ८८ मतदान केन्द्र छन् । यहाँ ३९ हजार ५९९ महिला र ३६ हजार ५४२ पुरुष गरी ७६ हजार १४१ मतदाता रहेका छन् ।

काठमाडौँ क्षेत्र नं. ५ मा मतदानस्थल ३१ र मतदान केन्द्र ९० छन् । यहाँ ४० हजार ८३२ महिला, ३७ हजार २७८ पुरुष र अन्य चार गरी कुल मतदाता ७८ हजार ११४ रहेका छन् ।

काठमाडौँ क्षेत्र नं. ६ मा मतदानस्थल ३२ र मतदान केन्द्र ७९ छन् । यहाँ महिला ३४ हजार ९५६, पुरुष ३२ हजार ८०२ र अन्य एक गरी कुल मतदाता ६७ हजार ७५९ छन् ।

काठमाडौँ क्षेत्र नं. ७ मा मतदानस्थल २९, मतदान केन्द्र ७८ छन् । यहाँ महिला ३४ हजार ७३८ र पुरुष ३२ हजार ६७३ गरी कुल ६७ हजार ४११ मतदाता रहेका छन् ।

काठमाडौँ क्षेत्र नं. ८ मा मतदान स्थल २३ र मतदान केन्द्र ६५ छन् । यहाँ महिला २९ हजार ८९८ र पुरुष २७ हजार ९१३ गरी कुल ५७ हजार ८११ मतदाता रहेका छन् । काठमाडौँ क्षेत्र नं. ९ मा ३४ मतदानस्थल र मतदान केन्द्र ९० छन् । यहाँ महिला ४० हजार २७८ र पुरुष ३८ हजार २१७ गरी कुल ७८ हजार ४९५ छन् ।

काठमाडौँ क्षेत्र नं. १० मा मतदानस्थल ४७ र मतदान केन्द्र ९८ रहेको छ । यहाँ महिला ४२ हजार ७१६, पुरुष ४० हजार ५८३ र अन्य दुई गरी कुल मतदाता ८३ हजार ३०१ छन् । ***रासस***

# निर्वाचनका दिन यसरी मिलाइएको छ पासको व्यवस्था

काठमाडौँ, १७ फागुन । निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनका दिन विभिन्न सवारीसाधनलाई भने कुनै प्रकारको पास आवश्यक नपर्ने स्पष्ट पारेको छ । यही फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन हुँदैछ ।

आयोगले सवारीसाधन सञ्चालनसम्बन्धी व्यवस्थापनलाई प्रभावकारी, व्यवस्थित र अत्यावश्यक सेवामैत्री बनाउन सवारीसाधनको अनुमतिसम्बन्धी कार्यविधि, २०८२ अनुरूप पास आवश्यक नपर्ने उल्लेख गरेको छ । आयोगबाट नेपाल सरकारलाई देहायबमोजिमका सम्बन्धित प्रयोगकर्ताले मात्र प्रयोग गर्ने र असम्बन्धित यात्रु नबोक्ने सवारीसाधनलाई पास आवश्यक नपर्ने व्यवस्था मिलाउन सिफारिस गरिएको उल्लेख गरिएको छ ।

आयोगले दमकल, एम्बुलेन्स, शववाहन खानेपानीका, दूध, फलफूल, तरकारी, माछा, मासु, पेट्रोलियम पदार्थ बोकेका सवारीसाधनलाई कुनै प्रकारको पास आवश्यक पर्नेछैन । दूरसञ्चार सेवा, खानेपानी, विद्युत्, ढल मर्मतका लागि प्रयोग हुने सवारीसाधन, अस्पताल सेवाका सवारीसाधन (अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीलाई घरदेखि अस्पताल र अस्पतालदेखि घरसम्म आवतजावत गर्न) पास आवश्यक नपर्ने आयोगले उल्लेख गरेको छ ।

अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई सेवाका यात्रु बोकेका सवारीसाधन ( विमानस्थलदेखि घर वा होटलसम्म र घर वा होटलदेखि विमानस्थलसम्म) लाई पनि कुनै पास जरुरी नपर्ने स्पष्ट पारिएको छ । त्यस्तै, हिँडडुल गर्न नसक्ने गर्भवती, सुत्केरी, आफ्नै बच्चा बोकेकी महिला, कीरियापुत्री, शारीरिक रूपमा अशक्त वा अपाङ्गता भएका व्यक्ति, हिँडडुल गर्न नसक्ने ज्येष्ठ नागरिक मतदाता र निजका एक जना सहयोगी बोकेका सवारीसाधनले पनि निर्वाध सञ्चालन हुन सक्नेछन् ।

नम्बर प्लेटमा 'सिडी' उल्लेख भएका कूटनीतिक नियोगका सवारीसाधन, आयोगबाट जारी भएका पर्यवेक्षक परिचयपत्रवाहक पर्यवेक्षणकर्ताले प्रयोग गर्ने सवारीसाधन (परिचयपत्रमा उल्लिखित स्थानमा मात्र), राष्ट्रिय मानवअधिकार आयोगबाट अनुगमन र पर्यवेक्षणका लागि प्रयोग गर्ने सवारीसाधन र प्रेस पास भएका सञ्चारकर्मीका सवारीसाधन सहज रूपमा सञ्चालन हुन सक्नेछन् ।

यस्तै, निर्वाचन आयोग, गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, काठमाडौँका प्रतिनिधि रहेको एकीकृत सवारीसाधन आवागमन डेस्क निर्वाचन आयोग परिसरमा स्थापना भई जिल्ला प्रशासन कार्यालय काठमाडौँ, भक्तपुर र ललितपुरबाट जारी हुनुपर्ने सवारी पाससमेत सोही डेस्कबाट जारी भइरहेको स्पष्ट पारिएको छ । ***रासस***

# दुई दिनमा काठमाडौँबाट ८० हजार यात्रु बाहिरिए

काठमाडौँ, १७ फागुन । प्रतिनिधिसभा निर्वाचनमा मतदान गर्न काठमाडौँ उपत्यकाबाट आ-आफ्नो जिल्लातार्फ मतदाता जानेक्रम जारी छ ।

निजी क्षेत्रको यातायातसेवा प्रदायक लोत्से बहुउद्देश्यीय संस्थाका मानव संशाधन प्रमुख पङ्कज मल्लका अनुसार शुक्रबार ३७४ र शनिबार ३१७ सार्वजनिक यात्रीबाहक बसबाट दुई दिनमा ८० हजार यात्रु बाहिरिएका छन् । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सुनिलजङ्ग शाहले पछिल्लो दुई दिनमा उपत्यकाबाट ८० हजार यात्रु बाहिरिएका बताउनुभयो । ***रासस***

# लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा निर्वाचन प्रचार अभियान

बुटवल, १७ फागुन। नेपाल मजदुर किसान पार्टीले लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा निर्वाचन प्रचार अभियानलाई जारी राखेको छ।

आइतबार बर्दिया क्षेत्र नं. १ को बारबर्दिया, जयनगर बजार तथा क्षेत्र नं. २ को भुरीगाउँ र ठाकुरबाबा चोकमा कोणसभा तथा घरदैलो कार्यक्रम भयो। कोणसभाहरूमा नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य मञ्जु चौधरीले निर्वाचन एक वर्गसङ्घर्ष भएकोले राजनीतिकरूपमा सचेततापूर्वक अगाडि बढ्नुपर्छ भन्नुभयो।

नेमकिपा बर्दियाका अध्यक्ष हरिलाल न्यौपाने, क्षेत्र नं. १ का उम्मेदवार पवित्रा शाही, क्षेत्र नं. २ का उम्मेदवार धर्मराज जैसी आचार्य र जिल्ला सदस्य थिरबहादुर ओलीले देश र जनताको पक्षमा कानुन निर्माण गर्ने दललाई मतदान गर्न आह्वान गर्नुभयो। यसअघि बर्दियाको बाँसगढी, गुलरिया, ताराताल, बैदी, राजापुरलगायत बजार तथा चोकहरूमा घरदैलो र कोणसभाहरू आयोजना गरिएको थियो।

गुल्मी क्षेत्र नं. १ को सत्यवती, ठूलो लुम्पेकमा पनि घरदैलो तथा भेटघाट कार्यक्रम भयो। भेटघाटमा नेमकिपा लुम्बिनी प्रदेश संयोजक हरिसुन्दर वासीले एमसीसी सम्झौताअनुसार संरा अमेरिकी नीति र कानुन पालना गर्ने क्रममा नेपालबाट प्रजग (उत्तर) कोरियाको राजदुतावास हटाउन आदेश पाएबमोजिम तत्कालीन परराष्ट्र मन्त्रीहरूले गरेको काम नेपाली जनताले बिर्सन नहुने बताउनुभयो।

नेमकिपा रूपन्देहीका सदस्य जगिलाल थापाले निर्वाचनको क्रममा गाउँघरमा पनि खुला राजनीतिक छलफल हुने हुँदा नेमकिपाले निर्वाचनलाई एक विश्वविद्यालय भनेको हो भन्नुभयो।

शुक्रबार र शनिबार दाङ क्षेत्र नं. २ घोराहीलगायत बजार तथा चोकहरूमा नेमकिपाको चुनावी घरदैलो कोणसभाहरू सम्पन्न गरियो।

कोणसभाहरूमा नेमकिपा लुम्बिनी प्रदेश समिति सदस्य एवम् दाङ क्षेत्र नं. २ का उम्मेदवार नवीनकुमार शाही, नेमकिपा लुम्बिनी प्रदेश समिति सदस्य एवम् समानुपातिक उम्मेदवार नारायणीकुमारी शाहीलगायतले जनताको मत लिएर नेपाली जनताको भावना र हितविपरीत सन्धि सम्झौता र कानुन बनाउने शासक दलहरूलाई मतदान गर्न नहुनेमा जोड दिनुभयो।

बाँकेको क्षेत्र नं. १, २ र ३ तथा रूपन्देहीको क्षेत्र नं. १ र ५ मा घरदैलो, भेटघाट तथा कोणसभाहरू भएको थियो।



नेपाल मजदुर किसान पार्टीबाट मोरङ क्षेत्र नम्बर ४ का उम्मेदवार जयराम थारु चुनाव प्रचारप्रसार कार्यक्रममा। *तस्बिर : मजदुर दैनिक*

# रौतहटमा श्रीनारायणदल गणद्वारा व्यापक गस्ती तथा निगरानी

**- प्रेमचन्द्र झा**

रौतहट, १७ फागुन। फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ लाई स्वतन्त्र, निष्पक्ष तथा शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउने उद्देश्यले रौतहट जिल्लामा तैनाथ नेपाली सेनाको नारायणदल गणले व्यापक सुरक्षा रणनीति अवलम्बन गरेको छ। जिल्लाभर शान्ति सुरक्षा सुदृढ पार्न गणले ठूलो सङ्ख्यामा अत्याधुनिक सैनिक सवारी साधनसहित व्यापक गस्ती तथा निगरानी अभियान सञ्चालन गरेको जनाएको छ।

निर्वाचनलाई भयरहित र व्यवस्थित रूपमा सम्पन्न गराउने लक्ष्यका साथ गणले जिल्लाका सम्पूर्ण संवेदनशील तथा अति संवेदनशील मतदान स्थलहरूमा विशेष निगरानी बढाएको हो। पैदल गस्ती, मोटरसाइकल गस्ती, सवारी गस्ती तथा बख्तरबन्द गाडीमार्फत संयुक्त सुरक्षा परिचालन गरिएको छ। ग्रामीण भेगदेखि सदरमुकामसम्म एकैसाथ सुरक्षा उपस्थिति सुदृढ पारिँदा सर्वसाधारणमा सुरक्षाको अनुभूति बढेको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ।

नारायणदल गणले रौतहटका १७ वटै स्थानीय तहमा तैनाथ रहेको छ। गणले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसँग समन्वय गरी संयुक्त गस्ती तथा चेक जाँच अभियान सञ्चालन गरिरहेका छन्। सम्भावित अवाञ्छित गतिविधि नियन्त्रण गर्न संवेदनशील क्षेत्रहरूमा आकस्मिक चेकिङ, सवारी जाँच तथा शङ्कास्पद गतिविधिमाथि निगरानी बढाइएको छ।

उच्च सुरक्षा स्रोतका अनुसार निर्वाचन अवधिभर २४ सै घण्टा निगरानी प्रणाली सक्रिय रहने छ। मतदान केन्द्र वरपर भीड व्यवस्थापन, मतदाता सुरक्षाका साथै निर्वाचन सामग्रीको सुरक्षित ओसारपसारमा पनि नेपाली सेनाले सहयोग गर्ने तयारी गरेको छ। आवश्यकताअनुसार द्रुत प्रतिक्रिया टोली समेत तयारी अवस्थामा राखिएको जनाइएको छ।

स्थानीय बासिन्दाले सुरक्षा निकायको सक्रियताले निर्वाचनप्रति विश्वास बढेको बताएका छन्। "सडक-सडकमा सुरक्षा गस्ती देख्दा ढुक्क महसुस भएको छ," कटहरिया नगरपालिका वडा नम्बर २ का स्थानीय समाजसेवी अनुपलाल साहले प्रतिक्रिया दिए।

निर्वाचन नजिकिँदै जाँदा सुरक्षा व्यवस्थालाई अझ सुदृढ बनाउँदै लैजाने र कुनै पनि अवाञ्छित गतिविधि हुन नदिने प्रतिबद्धता सुरक्षा निकायले दाबी गरेका छन्। समग्रमा रौतहटमा प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ लाई सभ्य, शान्तिपूर्ण र निष्पक्ष वातावरणमा सम्पन्न गराउने तयारी तीव्र पारिएको देखिन्छ। सन्दर्भमा सुरक्षा विश्लेषकहरूले रौतहट जस्तो संवेदनशील जिल्लामा बहु-सुरक्षा संयन्त्रमार्फत गरिएको संयुक्त परिचालनलाई प्रभावकारी रणनीतिका रूपमा व्याख्या गरेका छन्। खुला सीमा, विगतका निर्वाचन अनुभव तथा राजनीतिक गतिविधिलाई ध्यानमा राखी पूर्वतयारी स्वरूप सुरक्षा उपस्थिति बढाइएको उनीहरूको भनाइ छ।

निर्वाचन अवधिभर सामाजिक सञ्जालमार्फत फैलिन सक्ने भ्रामक सूचना, अफवाह तथा उत्तेजनात्मक सामग्रीप्रति सुरक्षा निकाय सतर्क रहेको जनाएको छ। साइबर निगरानी र सूचना सङ्कलन संयन्त्रलाई सक्रिय राखिएको तथा शङ्कास्पद गतिविधि देखिए तत्काल कारबाही गरिने चेतावनी दिइएको छ।

मतदानका दिन मतदान स्थल वरपर निषेधित क्षेत्र घोषणा गरी अनधिकृत भीडभाड, जुलुस वा प्रदर्शन गर्न नदिने तयारी गरिएको छ। मतदान अधिकृत, कर्मचारी तथा पर्यवेक्षकहरूको सुरक्षामा विशेष ध्यान दिइएको छ भने मतदानपश्चात् मतपेटिका सङ्कलन र मतगणना स्थलसम्म सुरक्षित ढुवानीका लागि विशेष सुरक्षा योजना बनाइएको हो।

जिल्ला प्रशासन कार्यालयले सबै राजनीतिक दल, उम्मेदवार तथा मतदातालाई आचारसंहिता पालना गर्न आग्रह गरेको छ। शान्तिपूर्ण र भयरहित वातावरणमा मतदान सम्पन्न गराउनु सबैको साझा दायित्व भएको उल्लेख गर्दै प्रमुख जिल्ला अधिकारी भुसालले सहयोग र समन्वयका लागि आह्वान गर्नुभएको छ।

# हरेक निर्वाचनमा लालपुर्जाको आश्वासन

**- झलनाथ खनाल**

भजनी (कैलाली), १७ फागुन। दुई दशकदेखि कैलालीको टीकापुरको एकतानगर सुकुम्बासी शिविरमा बस्दै आउनुभएका राजु विकको चाहना एउटै छ लालपुर्जासहितको जग्गा प्राप्ति। जग्गाजमिन नभएर वर्षौंदेखि घरबासको आशामा बस्नुभएका उहाँको त्यो आशा अझै पूरा हुनसकेको छैन। पटकपटक लालपुर्जाको आश्वासन पाउँदै आउनुभएका उहाँको सपना पूरा गर्न कसैले सकेका छैनन्।

विसं २०६४ देखि हरेक निर्वाचनका बेला लालपुर्जासहितको आवास उपलब्ध गराउने बताएका राजनीतिक दल, नेता तथा उम्मेदवारहरू हरेक निर्वाचनमा रित्तो बस्तीमा फर्किंदा राजु मन खिन्न हुने गरेको बताउनुहुन्छ। हरेक निर्वाचनमा भोट बटुल्न सबै उम्मेदवारले प्रमुख एजेन्डा बनाए पनि पूरा गर्ने उम्मेदवार कोही नभएको उहाँको धारणा छ। उहाँ भन्नुहुन्छ, "अघिपछि सुनसान हुने सुकुम्बासी बस्तीमा यतिबेला निकै चहलपहल छ। एकपछि अर्को राजनीतिक दल र उम्मेदवार बस्तीमा आश्वासन बाँड्दै भोट माग्दै आउनुहुन्छ। हामीले प्रश्न गर्दा उम्मेदवारसँग विश्वास गर्ने जवाफ हुँदैन। वर्षौंदेखिको जवाफ लालपुर्जा दिनेमात्रै हो। त्यो जवाफले सार्थकता नपाउँदा कति वर्ष यसैगरी बस्नुपर्ने हो भन्ने चिन्ताले सताउँछ।"

लालपुर्जा पाउने आसमा वर्षौंदेखि भूमिहीन, सुकुम्बासी, दलित र अव्यवस्थित बसोबासीहरूले हरेक निर्वाचनमा मतदान गर्दै आउनुभएको छ। जिल्लाको तथ्याङ्क हेर्दा पनि झन्डै डेढ लाख परिवार भूमिहीन सुकुम्बासी, दलित र अव्यवस्थित बसोबासीले उम्मेदवारले आश्वासन दिएकै भरमा ती उम्मेदवारलाई जिताउँदै आउनुभएको विगतका निर्वाचनले पनि पुष्टि गर्दै आएको छ। घोषणापत्रमा भूमिहीन सुकुम्बासी, दलित र अव्यवस्थित बसोबासीलाई जग्गाधनी पुर्जा दिने एजेन्डालाई प्राथमिकतामा राखेर उम्मेदवारहरू कैयौँपटक चुनाव जिते पनि सुकुम्बासीको पुर्जा पाउने सपना पूरा हुनसकेको छैन।

दुई दशक अगाडि बाजुरामा पहिरोका कारण विस्थापित भएर टीकापुर सुकुम्बासी शिविरमा बस्दै आउनुभएकी बालिका सिंहलाई उम्मेदवारको आश्वासनमा कत्ति पनि भरोसा छैन। वर्षौंदेखि लालपुर्जाको आश्वासन दिएर गएका नेता चुनावको समयमा मात्रै मुख देखाउन आउने गरेको उहाँको भनाइ छ। "आजभोलि भोट चाहिने हुँदा आउनेजाने भएको छ।" उहाँ भन्नुहुन्छ।

गर्मीयाम सुरु भएसँगै शिविर बस्तीमा हुरीबतासले घरसँगैका सुकेका रुख कतिबेला घरमा बजारिन्छन् भन्ने त्रासले रातभर जाग्राम बस्नुपर्ने पीडा जीवितै रहेको त्यस क्षेत्रका नागरिकको गुनासो छ।

गत वर्ष एकतानगर शिविरमा बस्दै आउनुभएकी जवारा विकको घर अगाडिको रुख हुरीबतासले ढल्यो। धन्न दिउँसोको समयमा सुकेको रुख ढलेका कारण कुनै मानवीय क्षति भने भएन। घरमाथि परेका रुखका हाँगा काटेपछि जवाराका श्रीमान्ले जेल जानुपर्यो।

टीकापुर नगरपालिकाभित्र नौवटा सुकुम्बासी, मुक्तकमैया शिविर छन्। लगभग पाँच हजार घरपरिवार त्यहाँ बसोबास गर्दै आएको छ। ती बस्तीमा यसभन्दा पहिलेका निर्वाचनमा उठाउँदै आएका चुनावी एजेन्डा यसपटक उम्मेदवारले फेरेका छन्। विसं २०७९ को निर्वाचनमा बसोबास गर्दै आएकै क्षेत्रमा पाँच कट्ठासम्म जग्गा उपलब्ध गराउने आश्वासनसहित सम्झौता गरेका राजनीतिक दलले यसपटक भने आवश्यक कानुन संशोधन गरेर सुकुम्बासी मुक्तकमैयालाई लालपुर्जा वितरण गर्ने रणनीति अपनाएका छन्। प्रमुख राजनीतिक दलका उम्मेदवारले आफ्नो चुनावी घोषणापत्रमा कानुनी प्रक्रिया पूरा गरेर सुकुम्बासी मुक्तकमैयालाई जग्गा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दै आएका छन्।

भूमि समस्या समाधान आयोग कैलालीका अनुसार जिल्लामा एक लाख ४५ हजार ५७२ परिवारले जग्गा दर्ताका लागि आयोगको निवेदन भरेका छन्। तीमध्ये २१ हजार ५४५ जना भूमिहीन, एक लाख १८ हजार ८१३ अव्यवस्थित बसोबासी र पाँच हजार २१४ जनाको निवेदन अधुरो रहेको आयोगले जनाएको छ। वर्षौंदेखि आफूले भोगचलन गर्दै आएको जमिनको लालपुर्जा पाउनुपर्ने अडानमा सुकुम्बासी मुक्तकमैया छन्। ***रासस***

# निर्वाचन नजिकिँदै गर्दा आर्थिक चलायमान दैनिक उपभोग्य वस्तुको माग उच्च

घोराही (दाङ), १७ फागुन। प्रतिनिधिसभाको चुनाव नजिकिँदै गर्दा बजार क्षेत्रमा ट्राफिक व्यवस्थापन तथा सुरक्षाकर्मीको उपस्थिति बढाइएको छ। यसले सर्वसाधारणलाई आवतजावतमा सहजता हुने गरेको छ। चुनावी सरगर्मीले दाङका सहर तथा ग्रामीण क्षेत्रलाई राजनीतिक रूपमा तताएको छ।

बजारमा चहलपहल बढेको छ, सवारीसाधनको चाप वृद्धि भएको छ र केही व्यवसायमा अस्थायी सुधार देखिएको छ। तर, व्यवसायीको अपेक्षाअनुसार व्यापक आर्थिक चलायमानता भने अझै देखिन बाँकी छ। अब चुनावको मिति झन् नजिकिँदै जाँदा बजारले कस्तो गति लिन्छ भन्नेमा सबैको चासो केन्द्रित भएको छ।

चुनावको मिति नजिकिँदै जाँदा जिल्लाका सहरबजारदेखि ग्रामीण बस्तीसम्म राजनीतिक गतिविधि तीव्र बन्दै गएको छ। फागुन २१ गते हुने निर्वाचनका उम्मेदवार मतदाता भेटघाटमा सक्रिय बनेका छन्। घरदैलो कार्यक्रम, टोलसभा, कोणसभा र अन्तरक्रियाका कार्यक्रम दैनिकजसो भइरहँदा जिल्लाभर चहलपहल उल्लेख्य रूपमा बढेको देखिन्छ।

पछिल्ला दिनमा उम्मेदवार तथा तीनका समर्थक गाउँगाउँ र टोलटोलमा पुगिरहेका छन्। चुनावी प्रचारप्रसारका लागि सवारीसाधनको प्रयोग बढेको छ भने मोटरसाइकल र गाडीको आवतजावतले बजार क्षेत्रमा भीडभाड पनि बढाएको छ। मुख्य सडक, चोकचोकमा झण्डा, ब्यानर र पोस्टरले सजिएका छन्।

मानिसको बढ्दो आवतजावतसँगै स्थानीय होटल, खाजा पसल तथा रेष्टुरेन्टमा ग्राहकको सङ्ख्या बढेको व्यवसायी बताउँछन्। विशेषगरी चुनावी टोली बिहानको खाजा, दिउँसोको खाना तथा साँझको नास्ताका लागि होटलमा पुग्ने क्रम बढेको छ। यसले गर्दा तरकारी, मासु, दूध, दही, अन्डालगायत दैनिक उपभोग्य वस्तुको माग पनि उकालो लागेको छ।

घोराही, तुलसीपुरलगायतका मुख्य बजार क्षेत्रमा रहेका होटल व्यवसायीका अनुसार विगत केही हप्तायता व्यापारमा केही सुधार देखिएको छ। "अहिले चुनावी टोली दैनिकजसो आउँछन्। चुनावका लागि खटेका खाना खाने हुँदा बिक्री केही बढेको छ," एक होटल व्यवसायीले भने। तर, उनीहरूका अनुसार यो वृद्धि स्थायी प्रकृतिको नभइ चुनावी गतिविधिसँग मात्र सीमित छ।

यस्तै, प्रचारप्रसार सामग्री उत्पादन गर्ने छापाखाना तथा डिजिटल प्रिन्टिङ पसलमा पनि कारोबार बढेको छ। पर्चा, पम्पलेट, ब्यानर, फ्लेक्स तथा स्टिकर छपाइका माग बढेका छन्। केही पसलले त अतिरिक्त समय काम गर्नुपरेको बताएका छन्। "उम्मेदवारले छोटो समयमै धेरै सामग्री तयार गर्नुपर्ने हुन्छ। त्यसैले अहिले कामको चाप छ," एक प्रिन्टिङ व्यवसायीले भने। यद्यपि, बजारमा देखिएको भीडभाड र चहलपहल आर्थिक रूपमा अपेक्षाकृत सन्तोषजनक नभएको व्यवसायीको भनाइ छ।

जिल्ला उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष नरेशकुमार श्रेष्ठले चुनावी समयमा बजार चलायमान हुने अपेक्षा गरिए पनि वास्तविक अवस्था त्यस्तो नरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "चुनावको समयमा व्यापार व्यवसाय बढ्नुपर्ने हो, तर त्यो हालसम्म स्पष्ट रूपमा देखिएको छैन। भीडभाड बढेको छ, तर त्यसअनुसारको आर्थिक गतिविधि विस्तार हुनसकेको छैन।"

उहाँका अनुसार विगतका निर्वाचनमा जस्तै यसपटक पनि व्यवसायीले व्यापार वृद्धि हुने आशा गरेका थिए। तर, बढ्दो महँगी, उपभोक्ताको क्रयशक्ति कमजोर हुनु र आर्थिक तरलताको अभावका कारण बजार अपेक्षाअनुसार चलायमान हुन नसकेको उहाँले बताउनुभयो। "मानिस खर्च गर्न सचेत भएका छन्। चुनावी माहोलले मात्र दीर्घकालीन आर्थिक सुधार ल्याउन सक्दैन," उहाँले भन्नुभयो। चुनावले गर्दा मात्रै बजारमा भीडभाड देखिएको उहाँको भनाइ छ।

चुनावले केही मात्रामा व्यापार व्यवसायमा वृद्धि भएको चेम्बर अफ कमर्सका अध्यक्ष विकास अग्रवालले बताउनुभयो। तर, व्यवसायीको अपेक्षाअनुसार बढ्न नसकेको उहाँको भनाइ छ। "व्यवासायीको अपेक्षाअनुसार बजार चलायमान हुनसकेको छैन," उहाँले भन्नुभयो। अहिले सवारीसाधन, होटेल रेष्टुरेन्ट, चिया हाउस, कफी हाउसको व्यापार वृद्धि भएको उहाँले बताउनुभयो। यससँगै जोडिएका क्षेत्रमा पनि केही वृद्धि भएको पाइएको अध्यक्ष अग्रवाल बताउनुहुन्छ। ***रासस***

। सम्पादकीय ।

# अमेरिकी आक्रमण, हस्तक्षेप र दमनको विरूद्ध अमेरिकी जनता उठ्नुपर्छ

संरा अमेरिका र इजरायलले इरानमा आक्रमण गरेर विश्वलाई फेरि एकपटक आतङ्कित बनाएका छन् र विश्वका जनताले पुन: असुरक्षित महसुस गरेका छन् । संरा अमेरिका आफै विश्वमा आतङ्क मच्चाएर अरू देशको शासनलाई आतङ्कवादीको कल्की लगाउँछ र अरू देशमा हमला गरी हस्तक्षेप गर्छ । इजरायलले प्यालेस्टिनमाथि आक्रमण गरी ७० हजारभन्दा बढी प्यालेस्टिनी नागरिकको हत्या गरेको घटना सेलाउन नपाउँदै फेरि इजरायलसमेतको सहयोगमा संरा अमेरिकाले इरानमा आक्रमण गर्दा इजरायल र संरा अमेरिकाको विरोधमा विश्वका जनता आक्रोशित हुनु स्वाभाविक हो । संरा अमेरिकी राष्ट्रपति ट्रम्पले आफ्नो कार्यकालको एकवर्षको समयमा सात वटा देशमा हमला गरिसकेका छन्; यो अमेरिकी प्रशासनको आततायी कदम हो ।

अरु सार्वभौम देशमाथि आक्रमण र हस्तक्षेप गर्ने संरा अमेरिकी राष्ट्रपति ट्रम्प आफूलाई शान्तिवादी स्वघोषणा गरी नोबेल शान्ति पुरस्कार पाउने दाबी गर्दै हिँड्छन् । नोबेल शान्ति पुरस्कार दाबी गर्ने राष्ट्रपति ट्रम्प अरू देशमाथि हस्तक्षेप गरी धन-जन विध्वंश गरेपछि शान्तिको वार्ता आह्वान गर्ने गर्छन् र आफूलाई शान्तिवादी कित्तामा उभ्याउने नक्कली काम गर्छन् । इरानको आणविक कार्यक्रम र सैन्य संरचना ध्वस्त बनाउन पल्केको अमेरिकी प्रशासनले आफ्नो देशमा रहेको, बनेको सैन्य शक्ति र आणविक शक्तिलाई किन विस्तार गर्छ ? आफूले उत्पादन गरेर बिक्री गर्न पाउने, युद्धमा प्रयोग गर्न पाउने अरू देशले प्रतिकारको निम्ति बनाउन नहुने नियम न्यायसङ्गत छैन ।

इरानमाथि अमेरिका र इजरायलीले गरेको संयुक्त सैन्य आक्रमणपछि मध्यपूर्वमा तनावपूर्ण परिस्थिति सिर्जिएको छ । उक्त आक्रमणको कारण मध्यपूर्वका १६ देशका करिब २० लाख नेपालीको सुरक्षा र रोजगारीमाथि खतरा भएको समाचार प्रसारण भएको छ । मध्यपूर्वमा सल्केको यो विध्वंसको आगोले विश्व राजनीतिमा नयाँ ध्रुवीकरण र शक्ति सङ्घर्ष चर्काएको छ । तेलको भूमि तथा प्रवासी कामदारको केन्द्रमा उत्पन्न सो सैन्य तनावले तेल आपूर्ति अवरूद्ध हुने, वैदेशिक रोजगारीमा असर पर्ने र हवाई सुरक्षामा जोखिम बढ्नु स्वाभाविक हो । अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमण र खाडी मुलुकमा अमेरिकी सैन्य क्याम्पमा इरानले गरेको जवाफी हमलाको कारण नेपालको अन्तर्राष्ट्रिय उडानलगायत मध्यपूर्वमा हुने सम्पूर्ण अन्तर्राष्ट्रिय उडान प्रभावित भएका छन् ।

अमेरिकाले भेनेजुयलामाथि आक्रमण गरेर राष्ट्रपति माडुरोको अपहरणपछि विश्वले अमेरिकी राष्ट्रपतिलाई अन्तर्राष्ट्रिय कानुन उल्लङ्घन गरेको जनाएको थियो । विश्वका राष्ट्र प्रमुखहरूले अन्तर्राष्ट्रिय कानुन उल्लङ्घन नगर्न खबरदारी गर्दा गर्दै अमेरिकी प्रशासनले फेरि इरानमाथि आक्रमण गरेर आफ्नो शक्तिको उन्माद देखाएको छ । अहिले पनि उक्त अमेरिकी आक्रमणको विश्वले निन्दा एवं भर्त्सना गरेको छ । रसियाले अमेरिका र इजरायलको सैन्य कारबाहीलाई गैरजिम्मेवारीपूर्ण भन्दै राजनीतिक समाधान खोज्न आग्रह गरेको छ । इतिहासमा भियतनामदेखि इराकसम्म भएका युद्धबाट पनि अमेरिकाले कुनै गर्व गर्नलायक उदाहरण देखाउन सकेको छैन । तर, पनि क्यानडा, अस्ट्रेलिया र बेलायतजस्ता देशहरू साम्राज्यवादी अमेरिकी सरकारको उक्त बर्बरतापूर्ण कार्यको समर्थन गर्छन् । रूस र चीनले इरानको सार्वभौमिकता, सुरक्षा र क्षेत्रीय अखण्डताको सम्मान गर्नुपर्नेमा जोड दिएका छन् । अमेरिकी राष्ट्रपति ट्रम्प इरानी सरकार इरानी जनताको हातमा छोड्न दबाब दिँदै छन् । यसरी ट्रम्प अरू देशमाथि हमलामात्र नगरी आन्तरिक द्वन्द्व चर्काउन सहयोग गरी स्वतन्त्र देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने संरा अमेरिकी साम्राज्यवादी कदमको संसारका न्यायप्रेमी जनताले विरोध गर्दै छन् ।

नेपाल सरकारले मध्यपूर्वमा विकसित पछिल्लो परिस्थितिलाई ध्यानमा राखी नेपाली नागरिकलाई इजरायल र इरानको भ्रमण तत्काल नगर्न आग्रह गरेको छ । इरानमाथिको आक्रमणबारे संरा सङ्घले बोलेको छैन । विश्वमा शान्तिको उद्घोष गर्नुपर्ने सो सङ्घले हालसम्म टिप्पणी नगर्नुको अर्थ अमेरिकी सो आक्रमणको समर्थन गर्नु हो । संरा सङ्घले अमेरिकीसामु बोल्न नसक्नुको अर्थ झुक्नु हो, कठपुतली बन्नु हो । विश्वको न्याय र शान्तिको निम्ति बोल्नुपर्ने संरा सङ्घले आफ्नो कर्तव्य इमानदारीपूर्वक निर्वाह गरेको छैन । यो संरा सङ्घको कमजोरी हो ।

अमेरिकी आक्रमण र हस्तक्षेपको हद नाघिसकेको छ । अमेरिकी आक्रमण, हस्तक्षेप र दमनको विरूद्ध अमेरिकी जनता उठ्नुपर्छ; अमेरिकी जनताले अमेरिकी प्रशासनको निन्दा गर्नुपर्छ । अमेरिकी जनताले साम्राज्यवादी नीतिको विरोध मात्र होइन अन्त्य गर्न एकजुट हुनुपर्छ । नत्र संसारबाट विश्वका जनता सुरक्षित हुने छैनन्, शान्तिपूर्वक जीवन जो हो गर्न पाउने छैनन् । अत: संसारका साम्राज्यवादी सबै देशलाई एक्ल्याउनुपर्छ; एक्ल्याउन विश्वका जनता एकगठ हुनुपर्छ ।

# "निर्वाचनमा सच्चा देशभक्तहरू चिनेर समर्थन गर्नुमा नै हाम्रो बुद्धिमानी हुनेछ"

✍ विश्वमोहन जोशी

फागुन १६ गते नेपाल प्राध्यापक समाजको आयोजनामा भएको समसामयिक विषयमा 'प्राध्यापकहरूमाझ का. रोहित' विषयक कार्यक्रममा जुम लिङ्कको माध्यमबाट सरिक हुने अवसर पाएकोमा मलाई खुसी लागेको छ । उक्त कार्यक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीति एवं वस्तुस्थितिबारे राम्रो जानकारी राख्नुहुने नेमकिपाका श्रद्धेय अध्यक्ष रोहितबाट वर्तमान अवस्थामा अन्तर्राष्ट्रिय क्षेत्रमा खासगरी युक्रेन, प्यालेस्टिन, भेनेजुयला, इरान, संयुक्त राष्ट्र सङ्घ आदिप्रति संयुक्त राज्य अमेरिकाले अवलम्बन गरेको नीति एवं व्यवहारबाट विश्व राजनीति, शान्ति, सुव्यवस्था नराम्रोसँग तरङ्गित भएको विषयवस्तुबारे राम्रो जानकारी पाउने अवसर प्राप्त भयो । माथि उल्लेखित देश र जनताले भोग्नुपरेका विकराल समस्याहरू एवं संयुक्त राष्ट्र सङ्घलाई लाचार पारेको अवस्था पक्कै पनि विश्व शान्ति एवं मानव विकासका लागि उचित होइन । यस्ता घटनाक्रमबाट हाम्रो देश र नेपालीहरू पनि प्रभावित नहोला भन्न सकिन्न ।

हाल हाम्रो मुलुकमा हजारौँ एनजीओ तथा आईएनजीओहरू कार्यरत छन् । तिनीहरूले सहयोग, मानव अधिकार, विकास सामाजिक सेवा आदिका नाममा नेपाली जनतालाई भ्रमित पार्दै हाम्रो देशको अवस्था आफ्नो अनुकूल पार्दै छन् । उनीहरूले हाम्रो समाजमा आफ्नो घर जलाएर उज्यालो र न्यायो भयो भन्नेहरूको जमात वृद्धि गर्दै छन् । देश प्रेम, स्वावलम्बी र आत्मनिर्भरता हाम्रो समाजबाट टाढिँदै गएको छ । आधुनिकीकरणको नाममा पाश्चात्य संस्कार र संस्कृतिले प्रसय पाउँदै छ । सांस्कृतिक रूपमा हाम्रो समाजलाई उनीहरूले आफ्नो उपनिवेश बनाउँदै छन् । देश सञ्चालन गर्नेहरूले पञ्चशीलको सिद्धान्तको महत्त्वलाई बिर्सन थालेका छन् । हरेक मामलामा विदेशी चलखेल बढ्दो छ । विगतको इतिहासलाई सम्झिन पुग्दा कुनै समय मिरजाफर, काजी लेण्डुप डोर्जेहरू विदेशी बुइँ चढेर हुरुक्कै भएका थिए । तर, उनीहरूको उपयोगिता सकिएपछि तिनीहरूको हैसियत भुसुना सरह पनि भएन । अर्थात्, उनीहरूलाई युज एन्ड थ्रो (Use and throw) गरियो । विगतका घटनाबाट पाठ सिक्न र विगतका गल्तीहरू नदोहोऱ्याउन भनी



इतिहास पढ्ने गरिन्छ । क्षणिक आफ्नो स्वार्थ लोभलालचको लागि देश र जनताप्रति गद्दारी गर्नेलाई सदैव घृणा नै गरिन्छ । यो तथ्य हामीले बुझ्नुपर्ने हो ।

फागुन २१ गते हाम्रो मुलुकमा प्रतिनिधिसभाका लागि निर्वाचन हुँदै छ । निर्वाचनमा यहाँ थुप्रै मिरजाफर र लेण्डुप डोर्जेका छायाहरू देखिन थालेका छन् । सच्चा देशभक्त, स्वाभिमानी, गरिब तथा निमुखा गरिखाने जनताका हितैषी, स्वाधीनता, सार्वभौमसत्ता तथा आत्मनिर्भर अर्थतन्त्रमा विश्वास राख्ने र त्यसको लागि सदैव क्रियाशील रहँदै आएका जनताका सच्चा सेवकहरू पनि गर्वसाथ निर्वाचनमा सहभागी हुँदै छन् । एकपटक एउटा जङ्गलमा आगलागी हुँदा पानीको एक सानो थोपा लिएर आगो निभाउन दौडेका एउटा कमिलालाई देखेर उसलाई खिसीटुरी गर्ने विशाल काम भएका हात्ती, बाघ र भालुको कथा सुनेको थिएँ । ठीक त्यस्तै घटना हाम्रो सबैले आगो निभाउने प्रयास गर्ने कि बाघ भालु हात्तीजस्तै रमिते भएर बस्ने भन्ने प्रश्न टड्कारो रूपमा हाम्रो सामु तेर्सिएको छ । हेक्का रहोस्, जङ्गलमा आगलागी हुँदा कमिला त क्षणभरमै मर्छ, खरानी हुन्छ । तर, आफूलाई ठुला र शक्तिशाली ठान्ने हात्ती, बाघ र भालु निकै बेर तडपेर जल्छन् र मर्छन् । आगोले कसैलाई बाँकी राख्दैन । विनलादेन र सद्दाम हुसेनहरूलाई पहिले अमेरिकाले खुबै समर्थन गरेका थिए । तर, पछि अमेरिकाको लागि उनीहरू अनुपयुक्त भएपछि उनीहरूको हत्या गरियो । यो घटनाको हेक्का रहोस् ।

हामी आफूलाई बुद्धिजीवी ठान्छौँ भने अब हामीले आफ्नो बुद्धि, ज्ञान, क्षमता, सीप कसका लागि उपयोग गर्ने ? देशघातीहरूको हितका लागि कि देश र जनताका सच्चा सेवकको लागि ? यो प्रश्नको उत्तरका लागि हामी गम्भीर हुनैपर्छ । गद्दारी गरेर जोडेको भौतिक सम्पत्ति नाशवान छ तर देशप्रेम जनताको सेवा इमानदारी र नैतिकता सदा रहन्छ; अमर हुन्छ । अब हामी आउँदो निर्वाचनमा देशघातीहरूको फकाइफुलाइ र हो-हल्लामा लाग्ने कि अथवा देश र जनताका सच्चा सेवकलाई सम्मान गर्दै उनीहरूको पछि लाग्ने ? मीरजाफर र लेण्डुप डोर्जेहरूको पक्षमा उभिने कि ? देशभक्त गरिखाने जनताको पक्षमा लाग्ने ? अब हामी बुद्धिजीवीहरूले के गर्ने ? हामीले अब कित्ताकाट गर्नैपर्दछ । क्षणिक लोभलालच स्वार्थमा भुलेर निर्वाचनमा हामी देशघातीहरूलाई साथ दियौँ भने हामी र हाम्रो देशले युक्रेनको अवस्था भोग्न बेर लाग्दैन । त्यसैले, आउँदो निर्वाचनमा सच्चा देशभक्तहरू चिनेर समर्थन गर्नुमा नै हाम्रो बुद्धिमानी हुनेछ । त्यसैको लागि उपयुक्त भूमिका निर्वाह गरेमा देश जोगिनेछ । यो कार्यक्रमबाट मैले यही नै ज्ञान पाएको अनुभव गरेँ ।

वि.सं. २०३७ सालमा सुधारिएको पञ्चायत व्यवस्था अथवा बहुदलीय व्यवस्था ढाल्नको लागि जनमतसङ्ग्रह गरिएको थियो । जसमा बहुदलीय व्यवस्थाको पक्षमा २० लाख र केही सङ्ख्यामा भोट प्राप्त भएको र सुधारिएको पञ्चायत व्यवस्थाको पक्षमा २४ लाख र केही मत परेकोले सुधारिएको पञ्चायती व्यवस्था पक्षधर नै विजय भएको घोषणा गरियो । त्यसलाई सामान्यत: सबैले स्वीकारे । उक्त जनमतसङ्ग्रहमा यस्तोखाले परिणाम ल्याउनमा वा आउनमा सैनिकको केही भूमिका रहेको तथ्य थाहा पाउने मौका पाएको थिएँ । जेन-जी आन्दोलनको नाममा सिंहदरबार जलिरहँदा त्यहाँभित्र बसेका सेनाको भूमिकाबारे पनि उहाँले अगाडि प्रस्ट पार्नुभएको थियो ।

अन्तमा, यस्ता जल्दाबल्दा विषयमा यस किसिमको कार्यक्रमले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वस्तुस्थितिबारे स्पष्ट र सही जानकारी पाउने अवसर भविष्यमा पनि प्राप्त भइरहोस् । हामी बुद्धिजीवीहरूले आफ्नो बौद्धिक क्षमता सत्यतथ्यपरक, देश र गरिखाने जनताको पक्षमा सदुपयोग गर्ने मौका मिलिरहोस् । नेपाल प्राध्यापक समाजका अध्यक्ष सरोजराज गोसाई र विभिन्न प्रश्नहरू एवम् जिज्ञासा राखी कार्यक्रमलाई अझ रोचक र सफल पार्नमा सघाउने सहभागी प्राध्यापकहरूलाई हार्दिक नमन एवम् आभार व्यक्त गर्दछु ।

# होली सुसंस्कृत ढङ्गले मनाउन आवश्यक



पाठक पत्र

वसन्त ऋतुको आगमनसँगै सुरु भएको होली या फागु पूर्णिमा एक अर्को महत्त्वपूर्ण पर्व हो । रुखमा नयाँ पालुवा पलाएसँगै सुरु हुने यो पर्वलाई वसन्त उत्सव पनि भनिन्छ । ऋतुहरूमध्ये उत्तम ऋतु मानिएको वसन्त ऋतुमा पर्ने फागु पूर्णिमा एक आपसमा सद्भाव राख्ने, अबेर छर्दै नाचगान गर्ने पर्व हो । यस्ता सद्भाव छर्ने पर्वहरूको महत्त्व नबुझ्दा या गलत ढङ्गले उपयोग गर्दा समाजमा विकृति र विसङ्गति बढेको देखिन्छ । अबेरको यो जात्रामा विकृति र विसङ्गति बढ्न थालेपछि नेक्रायुसङ्घले केही वर्ष प्रगतिशील गीत गाएर यो पर्व मनाएको थियो । त्यसको समाजमा राम्रो सन्देश गयो । विकृति र विसङ्गति कम गर्नमा प्रहरी प्रशासनको पनि बल मिलेको थियो ।

फागुमा एक समय फोहर पानी प्लास्टिकमा राखेर हान्ने काम गरिएको थियो । पम्पले छर्कने, बेलुनमा पानी भरेर हान्ने काम पनि भयो । होली मनाउन बाटामा आउनेहरूलाई झ्याल र कौसीबाट पानी फाल्ने काम हुन्थ्यो । बेलुनमा पानी हालेर बटुवालाई हान्ने काम अद्यापि छ । तर, यो होली पानीको पर्व होइन न त लोलाले हान्ने पर्व नै हो । कसैले सुरु गरेपछि नयाँ पुस्ताले अनुकरण गर्छ । उनीहरू संस्कृति हो होइन मतलब राख्दैनन् । प्लास्टिक या बेलुनमा रङ्ग पानी भर्दा या फोहर पानी राख्दा पोशाकमा दाग लाग्छ र पोशाक नै काम नलाग्ने हुन्छ । कुनै काममा जान समस्या हुन्छ । लोलाले हान्दा आँखा गुमेको उदाहरण समाजमा छ; झैझगडा भएको उदाहरण छ । होली आफू आफू या साथी भाइबिच खेल्ने पर्व हो । कसैलाई लोला हान्ने, जवरजस्ती अविर दल्ने काम गर्नु हुँदैन ।

होली पर्वलाई बिथोल्ने खालको गतिविधि गर्ने काम हामीले गर्नु हुँदैन । पहिले पहिलेको तुलनामा अहिले होली पर्व सुसंस्कृत ढङ्गले मनाएको पाइन्छ । तर, अहिले पनि पूर्णत: सही ढङ्गले मनाएको पाइँदैन । पहिले पहिले दुई तीन हप्ता पहिलेदेखि बेलुन या लोलाले हान्ने गर्थ्यो । यसमा अहिले केही नियन्त्रण भएको छ । विद्यालयमा शिक्षक, समाजका सामाजिक अगुवा, समाजसेवी, राजनीतिक कार्यकर्ताहरूले सम्झाइबुझाइ गरेको कारण सहयोग मिलेको देखिन्छ । यो सकारात्मक पक्ष हो । फागुनमा होली मनाउने चलन भौगोलिक र सामाजिक विविधताका कारण फरक फरक हुनु स्वाभाविक हो ।

यो पर्व अन्य देशमा पनि मनाइन्छ । अन्य देशमा मनाइने पर्व पनि फरक फरक भएको पाइन्छ । रुसमा हास्य पर्वको रूपमा, बेल्जियममा हाँसो ठट्टाको रूपमा, थाइल्यान्डमा पानीको पूजा गरेर, जापान र सुमात्रामा नाचगानका साथै वर्षमा नयाँ उब्जाएको उपलक्ष्यमा रङ्गको पर्व मनाइन्छ । स्विटजरल्यान्डमा विभिन्न टोपी र मकुन्डो लगाई घुमेर मनाइन्छ । सबैजसो ठाउँमा मनाइने यो पर्वमा नाचगान देखिन्छ । यसैले होली मनोरञ्जनात्मक हुन्छ । आ-आफनै भाकाका गीत गाइन्छ । यो दुई दिन विशेष पर्वको रूपमा मनाइन्छ । तर, फागु पर्व फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म मनाइन्छ । यस अर्थमा फागु पर्व सुरु भइसकेको छ । फागु पर्वको महत्त्व बुझेर होली मनाउनु आवश्यक छ ।

*- मेरिना शाक्य*

# ल्हासाको पूर्वको गाउँ

● अन्ना लुइस स्ट्रङ

*(पश्चिमी सञ्चारमाध्यमहरूमा तिब्बतसम्बन्धी विषयलाई निकै गलत ढङ्गले प्रचार हुँदै आएको छ । 'चीनले स्वतन्त्र तिब्बतमाथि कब्जा जमाएको', 'चिनियाँ जनमुक्ति सेनाले तिब्बतीहरूमाथि दुर्व्यवहार गरेको', 'तिब्बती जनताका नेता दलाइ लामालाई पदच्युत गरेको' जस्ता समाचार उनीहरू प्रचार गर्छन् । के साँच्चै 'स्वतन्त्र' तिब्बतमाथि चीनले कब्जा जमाएको हो ? तिब्बती स्वर्गलाई जनमुक्ति सेनाले नर्क बनाएको हो ? जनताको शासनविरुद्ध असफल विद्रोह गरेर दलाइ लामा भागेका हुन् कि उनलाई पदच्युत गरिएको हो ? आदि प्रश्नका विस्तृत उत्तर प्रसिद्ध अमेरिकी महिला पत्रकार अन्ना लुइस स्ट्रङको पुस्तक 'When Serfs Stood Up in Tibet' मा पाउन सकिन्छ । यो पुस्तक सन् १९६० मा प्रकाशित भएको हो ।)*

"जाम्बाबाहेक तपाईंहरूले अन्य खाद्यान्न प्राप्त गर्नुभएको छ कि ?" - हामीले सोध्यौं । "हामीले याकको घ्यू पाउँथ्यौं तर त्यो शुद्ध घ्यू होइन । घ्यू निकालेर माथिल्ला मानिसलाई दिइसकेपछि, मालिकका मठहरूमा लामाहरूलाई घ्यूको चिया दिएपछि फाल्नुपर्ने बाँकी भाग दासहरूलाई दिइन्थ्यो । यस्तो घ्यू पनि हामीले महिनामा डेढ पाउन्डमात्रै पाउँथ्यौं, त्यो पनि सधैंका लागि होइन । तिनीहरूले धेरै पटक प्रयोग गरिसकेको चियापत्ती हामीलाई दिइन्थ्यो । नयाँ वर्षको चाडमा हामीले केही मासु र तरकारी पाउँथ्यौं । पहिलो पाँच दिनसम्म हामीलाई दिनको दुई छाक खान दिइन्थ्यो । खानामा मासु धेरै दिदैनथ्यो । यस जग्गामा २३ नानसाम परिवार थिए र २३ परिवारका लागि याकको एउटा खुट्टा दिइन्थ्यो । कहिलेकाहीं भेडा वा गाई मरेमा हामीलाई दिइन्थ्यो । अन्यथा वर्षभरि त्यही जाम्बामात्रै दिइन्थ्यो ।"

"हामीले कहिल्यै मालिकबाट पैसाको सिक्का पाएनौं तर हामीले बिहे गर्न वा बिदा लिनका लागि मालिकको स्वीकृति लिन सिक्का र हाता ( Hata) (वा नेपालीमा खादा (Ceromonial Scarf)) दिनुपर्थ्यो । हामीले आफ्नो अनुरोध राख्नको निम्ति चुरोट तथा चिया र हाता राख्नुपर्थ्यो । हामीले मालिककहाँ काम गरेर पर्याप्त खाना नपाएकोले हामीले बढी खाद्यान्न प्राप्त गर्ने प्रयास गर्यो । हामीले मालिकका कारिन्दासित हामीलाई केही जग्गा खेतीका निम्ति उपलब्ध गराउन आग्रह गर्यो । नानसामलाई यो अधिकार थिएन किनभने तिनीहरूले सबै दिन मालिककहाँ काम गर्नुपर्थ्यो । हामीले हाता दिएर तीनपल्टसम्म अनुरोध गरेपछि हामीलाई चार केस जग्गा कुतमा दिइयो ।"

"हामीले अढाइ केस जग्गाको कुत तिर्‍यौं । तर, वास्तवमा यो कुत दर बढी थियो । मालिकहरूले नक्कली मापदण्ड प्रयोग गर्थे र मालिकलाई नमुना अन्नका रूपमा पठाएको अन्नलाई उनी आफै राख्थे । यसरी वास्तवमा हामीले चार केस अन्न तिरेका थियौं । हामी दिनभर मालिकका लागि काम गर्थ्यौं र राति आफ्नो जग्गामा काम गर्थ्यौं । कहिलेकाहीं हामीलाई साथीहरूले मद्दत गर्थे र अलि सजिलो हुन्थ्यो । हामीले आफ्नो जग्गा खन्नका लागि एउटा जनावरलाई ३० तेल (Taels) (लगभग ६० सेन्ट वा पैसा) दुई दिनको लागि तिर्नुपर्थ्यो । राम्रो बाली हुने बेला हामीले एघार केस अन्न र नराम्रो बाली हुने बेला ६-७ केस र औसत बाली ९ केस हुन्थ्यो । बाली हाम्रो काममा पनि भरपर्छ र हामीसँग थोरैमात्र काम गर्ने समय हुन्छ । त्यसैले कुतदर औसत बालीका आधारमा तिर्थ्यौं । बीउ र खनजोत राम्रो भएको बेला बाली बढे पनि, नराम्रो बाली हुँदा ऋणमा समेत डुबिन्थ्यो ।"

डेड्जीका श्रीमान्ले उनको विशेष कथा सुनाए । "एकपल्ट खेमेईकी छोरी त्यहाँ बस्न आइन् । तिनीसित जनावरको छालाबाट बनेको राम्रो चकटी थियो । हराउला भनेर मैले त्यसलाई दोस्रो तलामा राखिदिएँ । घरको पहिलो तलामा गोदाम र नोकरहरूका कोठाहरू थिए भने दोस्रो तलामा माथिल्ला दर्जाका कारिन्दाहरू बस्थे । दुई वा तीन महिनापछि कारिन्दाले मलाई बोलाएर त्यो चकटी र अरु ऊनका कपडाहरू पनि हराएको तथा ती सामानहरू मैले नै चोरेको आरोप लगायो । दिनभरि मलाई बाक्लो/गन्हौं कोर्राले पिट्यो र आरोप स्वीकार्न भनियो । मैले त्यो चकटी कारिन्दा वा मुखिया आफैले चोरेको हुनुपर्छ भन्ने सोचेर आरोप स्वीकारिन् ।"

"मैले आरोप नस्वीकारेपछि मलाई कारागारमा हालियो । हरेक जमिनदारहरूको आफ्नो छुट्टै कारागार बनाइएको हुन्छ । प्रकाश नछिर्ने, माटो र ढुङ्गाले बनाएको छिँडीको त्यस्तो कारागार सुविस्ताको थिएन । तिनीहरूले फेरि कारागारबाट निकाले र फेरि कोर्रा लगाए । तीनपल्टसम्म यसो गरे र पछाडिको मासुको छाला उप्किन्जेल कुटे र छाडे । आरोप नस्वीकारेपछि मलाई अदालतमा लगियो र पोताला दरबारको कारागारमा नौ महिना थुनियो । कारिन्दाले मेरो घरमा ताल्चा लगायो, मेरी श्रीमती र ७० वर्षकी मेरी आमालाई विनाकुनै आरोप कोर्रा लगाएर घरबाट निकाली अदालतमा ल्यायो । पोताला कारागारबाट छुटेपछि मेरो सम्पत्ति केही बाँकी रहेन ।"

"हामीले भू-दासहरूको कथाहरू सुनेको यो पहिलो पल्ट हो" - मसँगै डेड्जीको घर हेर्नलाई गएका प्रतिनिधिहरूले प्रतिक्रिया जनाए । "१९५५ मा हामी तिब्बतमा छँदा हामी सिपाही र जमिनदारहरूसित मात्रै कुराकानी गर्थ्यौं किनभने त्यसबेला पेचिङको सम्झौताले सत्तामा खान्दानीहरू नै थिए ।"

अहिले कसरी बस्नुभएको छ भन्ने प्रश्नमा डेड्जीले जवाफ दिइन्, "हामीले राम्रो जीवन पाएका छौं, धन्यवाद भलाइको निम्ति कम्युनिस्ट पार्टीलाई । अहिले हामीले बीउको लागि ब्याज तिर्नुपर्दैन । बीउ माग्नको लागि हाता पनि दिन परेन । विद्रोही खेमेई भारतमा भागेपछि उसको जग्गाको यो वर्षको बाली हामीहरू सबैको हुनेछ । तिनको ४७५ केस (७९ एकड) जग्गामा हामी सबैले मिलेर खेती गरेका छौं र बाली पनि सबैलाई बाँड्नेछौं । हाम्रो जग्गाको बाली पनि राम्रो भएको छ । बाली भित्रिएपछि हामीसँग पर्याप्त अन्न हुनेछ ।"

"यस्तो राम्रो जिन्दगी हामीले आठ वर्षअघि नै पाउनेवाला थियौं तर जमिनदारहरू र कासागले यसमा व्यवधान खडा गरेबाट यतिका वर्ष लाग्यो । अहिले पनि हाम्रो जिन्दगी धेरै राम्रो भएको छैन । हामीले घ्यूको चिया खान सक्दैनौं । घ्यूको चिया खान पाउने दिन हामी शान्तपूर्वक आरामले बिनाकुनै डरले पिउनेछौं ।"

"केन्द्रीय सरकारले विद्रोह दवाएपछि तिनीहरूको कोर्रा र यातना दिने औजारहरूलाई कामदार जनता आफैले बिगारे । कारागारमा छँदा मलाई हात च्यापेको काठको विशेष प्रकारको औजारलाई मेरै हातले ध्वस्त पारेँ ।"

"अहिले म जमिनदारहरूले कम्युनिस्टहरूका बारेमा सुनाएका कथाहरू झूटो भएको सम्झिरहेको छु । तिनीहरू कम्युनिस्टहरूले घोडाको र कुकुरको मासु खाने, स्वास्नीहरूलाई लुटेर लाने, बालबच्चाहरूलाई आमाबाबुभन्दा अन्त लाने झूटो कुरा बताएका थिए । जनमुक्ति सेनाले पहिलोपल्ट राजमार्ग बनाउँदा जमिनदारहरूले त्यो हानहरूको भलाइको लागि गरेको बताए । तर कामदार जनताले राजमार्गबाट धेरै फाइदा पाए । त्यसपछि जिन्दगी धेरै राम्रो भएको छ । मेरा छोराछोरीहरू दुवै प्राथमिक विद्यालयमा पढ्दै छन्" - डेड्जीका श्रीमान्ले बताए ।

डेड्जीले एउटा भनाइ राखिन्, "पहिले हाम्रो शिरमाथि सूर्य चम्किरहेको हुन्थ्यो तर त्यो जमिनदारको लागि हुन्थ्यो । अहिले हामीले हाम्रै लागि चम्केको सूर्य पाएका छौं । ल्हासामा तयारी समितिमा पर्यवेक्षकका रूपमा बस्दा मैले सुनें, "अब कोही पनि भूदासहरू छैनन् नोकरहरू पनि छैनन्, सरकारले खान्दानीहरूको श्रीसम्पत्ति किन्नेछ र जोताहा किसानहरूलाई दिनेछ । यो वर्षको विद्रोही खान्दानीको अन्नबाली पनि अन्न छर्नेहरूले नै पाउनेछन् ।" मैले हाम्रो किसान सङ्गठन नै सरकार हुनुपर्छ र जनता स्वयम्ले आफ्नो स्वतन्त्रता र आफ्नै कानुन बनाउनुपर्छ भनेर पन्चेन एर्डेनी आफैले घोषणा गरेको सुनें ।"


आँखाभरि आँसु बगाउँदै डेड्जीले भनिन्, "पार्टीले गरेको भलाइका कारणले मात्रै आज म सुकुलमा यस सुख्खा/नभिजेको घरमा बस्न पाएँ । यहाँबाट मलाई कसैले पनि बाहिर निकाल्न सक्दैन ।"

अँध्यारो कोठामा डेड्जीको कुरा टुङ्गिँदा नरुने मानिसहरू कोही रहेनन् ।

डेड्जीको घर हेरेपछि हामी अन्य प्रकारका भू-दासहरूको घर पनि हेर्न गयौं । त्यस क्रममा हामी पूर्वडुइचुन र हाल जग्गासम्बन्धी किसान सङ्गठनका अध्यक्ष पर्वु (Parbu) को घरमा गयौं ।

उनको घर डेड्जीको भन्दा राम्रो गोबरको भण्डारणको लागि नभई घरकै लागि बनाएको, माटो र ढुङ्गाले बनेको र शिशाको झ्याल भएको सानो थियो ।

त्यहाँ एउटी आँखा नदेख्ने, अशक्त र दुर्वल उमेर ढल्केकी आइमाई बसेकी थिइन् । मैले पर्वुको आमा होला भन्ने अनुमान गरेँ तर पर्वुले तिनी उनको जहान हो भन्ने सुनाउँदा म छक्क परेँ । पर्वुले तिनीसित बिहे गर्दा तिनी एक साइबा थिइन् । अन्धो भएपछि तिनले श्रम गर्न सकिनन् र तिनले साइबा अधिकार गुमाइन् । एउटा आँखा फूलो परेर नदेख्ने भएसम्म पनि तिनले सक्ने काम गरिन् तर दुवै आँखा नदेख्ने भएपछि पर्वुले सो जग्गामा काम गर्ने इच्छा गरे पनि जमिनदारका मुखियाले जग्गा नदिने निर्णय गर्यो ।




पर्वु पन्चेन एर्डेनीको क्षेत्रमा रहेको ताशी ल्हुम्पो (Tashi Lhumpo) मठसँग सम्बन्धित थिए । तिनले आफ्नो छुट्काराका निम्ति वार्षिक रूपमा कर तिरिरहेका थिए । पर्वुका एक छिमेकीका अनुसार पर्वु पहिले लामा थिए, तिनले बिहे गर्नका लागि मठ छोडेका थिए । तर, पर्वुले आफू भागेको कुरामात्रै बताए ।

उनी कुम्तान (Kumtan Manor) जग्गामा बस्थे । उनले तासी लुम्पोलाई क्षेत्रीय कर तिरिरहेका थिए; अन्न र केही उला (ula) वा बेठबेगारी वा झारा घर र जग्गाको लागि खेमेईलाई तिरिरहेका थिए । बितेका केही महिनासम्म पनि तिनले करहरू अन्न तिरिरहेका थिए । अहिले उनी स्वतन्त्र छन् र जग्गाको किसान सङ्गठनका अध्यक्ष छन् ।

पर्वुले आठ केस (१ र २ तीन एकड) जग्गा खेती गरे । आठ केस (२१६ पाउन्ड) बीउ छरे र ३२ केस अन्न फलाए । उनले आठ केस अन्न कुत तिरे । यो कुत त्यति धेरै पनि देखिँदैन, जम्मा अन्नको एकचौथाइ भाग हो । तर, जमिनदार अन्न दिँदा एउटा नाप र अन्न कुत लिँदा अर्कै नाप प्रयोग गर्थे । कुत तिर्दा नाप्ने नाप वा पाथी साधारण केभन्दा केही बढी अन्न अट्ने 'ठुलो के' पाथी हुन्थ्यो । बाली काट्ने बेलामा मालिककहाँ नमुना अन्न पठाउनुपर्थ्यो र नमुना अन्न फिर्ता आउँदैनथ्यो । पर्वुले बताएअनुसार मालिकले बीउ दिँदा पनि चर्को ब्याज लगाउँथ्यो र मालिकसँग ऋण लिएको अन्न र खेतीका औजारहरूमा पनि उच्च ब्याज तिर्नुपर्थ्यो ।

बाली काटेपछि पूरा ऋण पनि तिर्न सकिँदैनथ्यो । 'खलिहान (बाली सुकाउने ठाउँ) सकेपछि अन्न पनि बाँकी रहँदैन' भन्ने भनाइ नै चलेको थियो ।

पर्वु अन्नबाहेक पराल बेचेर केही पैसा कमाउँथे र दुई खच्चरलाई खुवाउँथे । उनले खच्चरको गोबर जम्मा पार्दै सुकाउँथे र बाल्नका लागि ऊर्जाको रूपमा बेच्थे । यसबाट उनले मठ र खेमेइलाई कर तिर्थे । उनले खेमेईलाई साइबाको बेगारी पूरा गर्न वा उला झारा तिर्नुपर्दैन तर डुइचुनको केही निश्चित झारा तिर्नुपर्थ्यो । उनले जमिनदारका लागि बाली काट्ने समयमा तीन दिन, खाडल खन्न दुई दिन र बाढी पहिरोको समयमा विनाज्याला लामो समयसम्म काम गर्नुपर्थ्यो ।

जनावरहरू पालेकोमा पनि केही झारा तिर्नुपर्थ्यो । पर्वुका दुइटा खच्चरहरूले बाली काट्ने समयमा दुईदिन काम गर्नुपर्थ्यो र नयाँ वर्षको चाडमा तिनीहरूले इन्धनलाई ल्हासामा पुर्‍याउनुपर्थ्यो । जमिनदारले केही अस्थायी श्रम पनि लाद्न सक्थ्यो । गएको शरद् ऋतुमा विद्रोहीहरूले लोकामा हत्या र लुटपाट मच्चाइरहँदा खेमेईले ल्हासामा भएको आफ्नो श्रीसम्पत्ति लोकाका भूदासहरूले ल्हासाको आधा बाटो पुर्‍याउनुपर्ने र बाँकी आधा बाटो कुम्तान (Kumtan) का भूदासहरूले पुर्‍याउनुपर्ने गराए । उनले आफ्नो अन्नको सुरक्षा गर्न त्यसो गरेका थिए ।

"यदि तपाईंसँग चल्लाहरू छन् भने प्रत्येक कुखुराको ५ वटा अण्डा वर्षमा धेरै पटक जमिनदारलाई दिएर श्रम तिर्नुपर्छ" - पर्वुले बताए ।

"यदि डुइचुनले यी सबै भुक्तानीहरू गर्नुपर्छ भने डुइचुन बन्नु राम्रो कि नानसाम ?" - मैले सोधेँ ।

पर्वुले बताए, "प्रमुख भिन्नता भनेको स्वतन्त्रताको मात्रा हो । मसँग दुईवटा खच्चरहरू छन् । ती मेरा आफ्नै खच्चर भए पनि मैले मालिकलाई झारा तिर्नुपर्छ । भाडादर उच्च छ र बाली भित्र्याउनेबित्तिकै तिर्नुपर्छ तापनि मालिकले मलाई समय-समयमा श्रम गराउँछ । तापनि मैले आफ्नो कामका लागि समय मिलाउन सक्छु । तर, नानसामका लागि यो सम्भव हुँदैन । उसको सबै समय मालिकको लागि बित्छ ।"

पर्वुको घरभन्दा पारिपट्टी न्गोजु (Ngoju) नामका साइवाको घर छ । न्गोजुले बताएअनुसार उनको घरमा काम गर्नसक्ने चार जना हुर्केबढेका कामदारहरू भएकाले घर ठुलो भएको हो । तिनीहरूले १० केस (१²⁄³ एकड) जग्गा पाएका थिए । यसको बदलामा तिनीहरूले मालिककहाँ वर्षभरिका लागि एकजना ज्यामी पठाएका थिए । तिनका दुवै छोरा साना भएकाले दुईजनाले मात्र काम गर्ने समयमा तिनीहरूसित अहिलेको आधामात्रै जग्गा थियो र श्रम पनि आधामात्र दिए पुग्थ्यो । मालिककहाँ काम गर्ने आफ्नो छोरालाई पनि तिनले नै ख्वाउनुपर्थ्यो किनभने तिनलाई त्यहाँ जग्गाको भुक्तानीका निम्ति श्रम गर्न पठाइएको थियो ।

"तपाईंले आधामात्र श्रम दिँदाखेरि कुन दिन मालिकका लागि काम गर्ने भनेर कसले छुट्याउने ?" - मैले सोधेँ ।

"मालिकले छुट्याउँछन्" - न्गोजुले बताए । "तर, त्यहाँ एउटा परम्परा छ । बाली काट्ने बेलामा मालिकले सबै दिन उसैकहाँ काम गर भन्न पाउँदैन, पाँच दिन मालिककोमा काम गर्ने र ५ दिन भूदासहरूको आफ्नै काम गर्ने चलन छ । मालिकले सधैं त्यसो गर्दैन । यदि उसलाई श्रम चाहियो भने उसले माग गर्दछ र त्यसपछि भूदासले केही पनि गर्नसक्दैन । त्यसैले परिवारमा ४ जना कामदारहरू हुनु राम्रो हो र तीमध्ये एकजनालाई मालिकहाँ पूरा समय काममा पठाउन सकिन्छ ।"

न्गोजुको डबलीमा अन्य किसानहरू पनि आए र विभिन्न प्रकारका भूदासहरू र तिनीहरू कसरी आए भन्नेबारेमा छलफल सुरु भयो । तिनीहरूले बताए - "साइबा पुस्तौं पुस्तादेखि भूमि/जग्गासँग जोडिएका छन् । नानसाम पनि पहिलेदेखि थिए तर तिनीहरू सधैं जग्गासँग जोडिएका हुँदैनन्, तिनीहरू बेचिन र अरुलाई दिएर पठाउन अथवा मालिकको छोरीको बिहेमा दाइजोको रूपमा सँगै लैजान सकिन्थे । डुइचुनहरू धेरैजसो स्थानीय बासिन्दा होइनन् तर कहींबाट नराम्रो मालिकबाट भागेर यहाँ आएका थिए, नयाँ मालिकको खोजीमा ।"

त्यसैले डुइचुनहरू दासप्रथाप्रतिको असहमतिको सुरुवातजस्तै देखिन्छ, सानो र अलिकति माथिको स्वतन्त्रताको सुरुवात । भूदासहरू आफ्नो घर र साथीभाइहरू छोडेर पुन: पक्राउ र कोर्रा लगाउने जोखिम बोकेर मृत्युको समेत पर्वाह नगरी धेरै टाढा अर्को राम्रो मालिकको खोजीमा भाग्छन् । यदि तिनलाई पुरानो मालिकले भेटाएमा फिर्ता लानसक्छ । त्यसैले धेरैजसो पुरानो मालिकले तिनलाई छुट्कारा दिन क्षेत्रीय कर स्वीकार्थे । तिब्बतमा डुइचुनहरू बढ्दै गइरहेका थिए ।

एकप्रकारको भूदासलाई अर्को प्रकारको भूदास बनाउने कुरामा छलफल मोडियो । यदि कोही भागेको भूदासलाई मालिकले पक्रेमा तिनलाई डुइचुनबाट नानसाममा झार्नसक्छ । यदि त्यो मानिस बलिया छन् र फेरि पनि भाग्नसक्छ भन्ने लागेमा त्यसलाई डुइचुन नै बनाइराख्छ ।

नानसाम पनि एकप्रकारको दास नै हो । तर, आफ्नो पुर्खा साइबा वा डुइचुन भए पनि पछिको छोराछोरी वा सन्तान नानसाम पनि हुनसक्छ । डुइचुन वा साइबाले जमिनदारसित लिएको ऋण तिर्न सकेन भने जमिनदारले तिनीहरूसित भएको घर, खच्चरहरू र कुखुराहरू कब्जा गर्छ र तिनीहरूलाई नानसाम बनाउँछ कोही पुस्तौंपुस्तादेखि नै नानसाम पनि हुन्छन् उनीहरूले बताए ।

"म पहिले खेमेईको स्वामित्वको जग्गाको साइवा थिएँ । केही विवाद भएपछि खेमेईका मुखियाहरूले केही भू-दासहरूलाई अर्कै जग्गामा सारे । अर्को जग्गामा मेरो भूअधिकार थिएन । त्यसैले तिनीहरूले मलाई नानसाम बनाए । तर, पछि मसँग केही बचत भयो र खेमेईले मलाई फेरि साइबा बनाए र एक टुक्रा जग्गा दिए" - उपस्थितमध्ये एकजनाले बताए ।

"तपाईंले कसरी बचत गर्न सक्नुभयो ?" - मैले सोधेँ ।

"जनमुक्ति सेना यो क्षेत्रमा आयो । गोबर जम्मा गरेर तिनीहरूलाई बेचेँ र प्रशस्त पैसा कमाएँ । त्यसबाट मैले एउटा कानमा लगाउने ढुङ्ग्री किनेँ । मलाई मालिकको घरमा बोलाइयो । त्यहाँ जाँदा मैले त्यो ढुङ्ग्री लुकाएँ । त्यसैले खेमेईका ज्वाइँले मलाई भनेको नमान्ने भन्दै कोर्रा लगाऊ तर मलाई थाहा थियो, ऊ मेरो ढुङ्ग्री हात पार्न यसो गर्दै थियो । त्यसपछि उसले भन्यो, "अब म तिमीलाई फेरि साइवा बनाउँछु र तिमीले तिम्रो पैसा मेरो जग्गामा लगाऊ । उसको मतलब यदि मसँग पैसा भएमा खच्चर र बीउमा लगानी गर भन्ने हो ।"

बचतबाट माथि उठेका नानसामको असाधारण कथाबाट सबैजना प्रभावित भए । अरुहरूले सोचे यदि उनी पहिले नै साइवा नभएका भए खेमेईले तिनलाई नानसामबाट साइवा बनाउने थिएन । 'नियमित नानसाम' लाई विरलैमात्र उठ्न दिइन्छ । साइबा वा डुइचुनहरू माथि उठ्न र झर्न सक्ने बाली काट्ने बेलामा तिनीहरूको आम्दानीमा भर पर्छ । साना केटाकेटीहरू धेरै भएका साइबा सजिलै ऋणमा डुब्छन् र तिनीहरू नानसाममा झर्छन् ।

थोरै साइबा - मुस्किलले सयमा तीनजनाले साइबा बन्नु राम्रो हो भन्ने सोच्छन् । केहीले अन्य भागेर आइपुगेका अपरिचितलाई आफ्नो घरमा बसाउने र तिनलाई मालिककोमा तिनीहरूको काम गराउँथे । यस्तो विशेषता देखाउने साइबा मालिकको मुखिया वा कारिन्दा बन्ने दाउमा हुन्छन्, अरु भूदासहरूलाई चुसेर आफूमाथि उठ्छन् ।

**स्रोत : तिब्बतका भू-दासहरू उठ्दा**




अमेरिकी-इजरायली हवाई मिसाइल हमलामा आफ्नो देशका सर्वोच्च नेता आयतोल्लाह सैयद अलि खामेनीको हत्या भएपछि त्यसको विरोधमा र आफ्ना नेताको निधनको शोक प्रकट गर्न राजधानी तेहरानको मुख्य सडकमा निस्केका इरानी जनता मार्च १, २०२६ का दिन । *तस्बिर : एपी/वाहिद सलेमी*

# सर्वोच्च नेता खामेनीको हत्या र विश्वको सावधानीपूर्ण प्रतिक्रिया

ब्रसेल्स, १ मार्च (एपी) । अमेरिका र इजरायलले इरानमाथि सुरु गरेको व्यापक सैन्य आक्रमण र इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको रिपोर्ट गरिएको मृत्युले मध्यपूर्वलाई अनिश्चित मोडमा पुर्‍याएको छ । सन् १९७९ को इस्लामिक क्रान्तिपछि सत्तामा रहेको इस्लामिक गणतन्त्रका दोस्रो सर्वोच्च नेताको हत्या भएको समाचार बाहिरिएसँगै क्षेत्रीय शक्ति सन्तुलन, आणविक कार्यक्रमको भविष्य र सम्भावित व्यापक युद्धबारे विश्वभर गम्भीर चासो व्यक्त गरिएको छ । विश्व नेताहरूले सावधानीपूर्वक प्रतिक्रिया जनाउँदै संयमता र कूटनीतिक पहलको आह्वान गर्नुभएको छ ।

खामेनीको स्पष्ट उत्तराधिकारी सार्वजनिक रूपमा तोकिएको थिएन । त्यसैले, उहाँको सम्भावित निधनले इरानको राजनीतिक संरचना र नेतृत्व सङ्क्रमणलाई लिएर अन्योल थपिएको छ । विश्लेषकहरूले यसले आन्तरिक शक्ति सङ्घर्ष चर्किन सक्ने र बाह्य द्वन्द्व तीव्र हुन सक्ने सङ्केत गरेका छन् । संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले यसै विषयमा आपतकालीन बैठक बोलाएको छ ।

अमेरिका र इजरायलले शनिबार इरानविरुद्ध ठुलो आक्रमण सुरु गरेका थिए । त्यसको प्रत्युत्तरमा इरानले इजरायल तथा मध्यपूर्वमा रहेका अमेरिकी सैन्य अड्डाहरूमा क्षेप्यास्त्र र ड्रोन प्रहार गरेको जनाएको छ । क्षेत्रीय तनाव तीव्र बन्दै जाँदा प्रतिशोध र प्रतिआक्रमणको



चक्र लम्बिने चिन्ता बढेको छ ।

युरोपेली शक्तिहरूले प्रत्यक्ष समर्थन वा निन्दा नगरी वार्ताको बाटो रोज्न आग्रह गरेका छन् । बेलायतका प्रधानमन्त्री किर स्टर्मर, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोन र जर्मनीका चान्सलर फ्रेडरिक मर्जले संयुक्त विज्ञप्ति जारी गर्दै अमेरिका र इरानलाई तत्काल वार्तामा फर्किन आग्रह गर्नुभएको छ । उहाँहरूले आफ्नो देश आक्रमणमा संलग्न नभएको स्पष्ट पार्दै इरानको आणविक कार्यक्रम, ब्यालिस्टिक गतिविधि र क्षेत्रीय अस्थिरताका प्रश्न कूटनीतिक माध्यमबाट मात्र समाधान हुनसक्ने बताउनुभएको छ ।

अरब लिगले इरानी आक्रमणलाई शान्ति र स्थिरताका लागि प्रयासरत देशहरूको सार्वभौमसत्तामाथिको स्पष्ट उल्लङ्घन भनेको छ । मोरक्को, जोर्डन, सिरिया र संयुक्त अरब इमिरेट्सलगायतका राष्ट्रहरूले क्षेत्रका अमेरिकी सैन्य अड्डामा लक्षित इरानी हमलाको निन्दा गरेका छन् । साउदी अरेबियाले इरानी कदमलाई कडा शब्दमा आलोचना गर्दै क्षेत्रीय स्थिरता जोगाउन संयमता आवश्यक रहेको जनाएको छ । वार्ताको मध्यस्थता गर्दै आएको ओमानले भने अमेरिकी कारबाहीले अन्तर्राष्ट्रिय कानुनको सिद्धान्त उल्लङ्घन गरेको टिप्पणी गरेको छ ।

अस्ट्रेलिया र क्यानाडाले अमेरिकी आम हड्तालको समर्थन जनाएका छन् । क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले इरानलाई मध्यपूर्वमा अस्थिरता र आतङ्कको प्रमुख स्रोत बताउनुभएको छ । यसको विपरीत रुसले आक्रमणलाई पूर्वयोजनाबद्ध सशस्त्र कारबाही भनेको छ र चीनले तत्काल सैन्य कारबाही रोक्न तथा संवादमा फर्किन आग्रह गरेको छ । चिनियाँ विदेश मन्त्रालयले इरानको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान हुनुपर्ने धारणा सार्वजनिक गरेको छ ।

क्षेत्रीय स्तरमा जनजीवनमा मिश्रित प्रभाव देखिएको छ । कब्जा गरिएको पश्चिम किनारमा इजरायलको आइरन डोमले मिसाइल अवरोध गरिरहँदा आकाशमा विस्फोटको आवाज सुनिए पनि दैनिक गतिविधि पूर्ण रूपमा ठप्प भएको छैन । तर इजरायलले चेकपोइन्टहरू बन्द गरेपछि आपूर्ति अवरोधको आशङ्काले पेट्रोल पम्पहरूमा लामो लाइन देखिएको छ । प्यालेस्टिनी प्राधिकरणले अरब राष्ट्रहरूविरुद्ध इरानी आक्रमणको निन्दा गरेको छ, तर अमेरिकी वा इजरायली कारबाहीबारे टिप्पणी गरेको छैन ।

नर्वेका विदेशमन्त्री एस्पेन बार्थ इडेले अवस्था 'नयाँ, व्यापक युद्ध' तर्फ जान सक्ने चिन्ता व्यक्त गर्नुभएको छ । नोबेल शान्ति पुरस्कार विजेता इन्टरनेसनल क्याम्पेन टु एबोलिस न्युक्लियर वेपन्सले पनि आक्रमणको निन्दा गर्दै यसले आणविक प्रसार र सम्भावित प्रयोगको जोखिम बढाउने चेतावनी दिएको छ । युरोपेली सङ्घ ( ईयू) र अरब लिगले सबै पक्षलाई संयम अपनाउन र तनाव वा द्वन्द्व न्यूनीकरण गर्ने प्रक्रियातर्फ अग्रसर हुन आग्रह गरेका छन् ।

खामेनीको रिपोर्ट गरिएको मृत्यु, नेतृत्व सङ्क्रमणको अनिश्चितता र तीव्र सैन्य कारबाहीबिच मध्यपूर्व गम्भीर मोडमा उभिएको छ । कूटनीतिक प्रयास सफल नभए क्षेत्रीय द्वन्द्व अझ फराकिलो दायरामा फैलिन सक्ने जोखिमप्रति विश्व समुदाय सचेत देखिएको छ ।

# खाडी क्षेत्रमा इरानी प्रत्याक्रमण

दुबई, १ मार्च (एएफपी) । आइतबार बिहान खाडीमा इरानी प्रत्याक्रमणपछि दुबई, दोहा र मनामामा नयाँ विस्फोट र धुवाँ फैलिएको छ, जसले क्षेत्रीय तनाव र व्यापक द्वन्द्वको डर बढाएको छ । अमेरिका र इजरायलले इरानका सर्वोच्च नेता र शीर्ष अधिकारीहरूलाई लक्षित गर्दै गरेको आक्रमणको प्रतिआक्रमण स्वरूप खाडीभरि सैन्य र नागरिक पूर्वाधारमा इरानी कारबाही भएको हो ।

एएफपीका पत्रकारहरूले दुबई, बहराइनको राजधानी मनामा र कतारमा विस्फोटको आवाज सुनेका थिए । दोहाको दक्षिणमा बिहानको क्षितिजमा बाक्लो कालो धुवाँ उठेको दृश्य प्रत्यक्षदर्शीहरूले देखेका छन् । केही समयपछि विस्फोटको अर्को लहर दुबईमा प्रतिध्वनित भयो ।

अमेरिकी सुरक्षा र खाडीका दीर्घकालीन सहयोगी राष्ट्रहरूको सुरक्षामा चुनौती थपिएको छ । संयुक्त अरब इमिरेट्सको रक्षा मन्त्रालयका अनुसार शनिबार इरानले अबु धाबी र दुबईमा १३७ मिसाइल र २०९ ड्रोन प्रहार गरेको थियो । आक्रमणबाट द पाम र बुर्ज अल अरबमा आगो र धुवाँ देखियो । अबु धाबी विमानस्थलमा कम्तीमा एक व्यक्तिको मृत्यु भएको छ र सात जना घाइते भएका छन् । दुबई विमानस्थल र कुवेतको अन्तर्राष्ट्रिय विमानस्थल पनि प्रभावित भएको छ ।

कतारमा, इरानले ६५ मिसाइल र १२ ड्रोन प्रहार गरेको अधिकारीहरूले बताएका छन्, जसमा अधिकांश रोकिएका थिए, तर आठ जना घाइते भए र एकको अवस्था गम्भीर छ । शनिबारको पहिलो दिन अबु धाबी र बहराइनमा अमेरिकी नौसेनाको पाँचौँ फ्लीटको घरबाट धुवाँ उठेको प्रत्यक्षदर्शीहरूले बताए । कुवेतमा पनि अमेरिकी सैन्य अड्डाहरूलाई लक्षित गरिएको बताइएको छ ।

अमेरिकी सैन्य आधारहरूलाई आतिथ्यता प्रदान गर्ने तेल र ग्यास धनी अरब राजतन्त्रहरू इरानी आक्रमणबाट प्रत्यक्ष प्रभावमा परेका छन् । मनामामा ड्रोन र छर्राहरू आवासीय भवनमा खसेको दृश्य सामाजिक सञ्जालमा भाइरल भएको छ, जहाँ अग्ला भवनबाट उठेको धुवाँ र आगो देखिएको छ ।

शनिबारको अभूतपूर्व आक्रमणले कतारको अल उदेद अमेरिकी सैन्य आधार, साउदी अरेबियाको पूर्वी क्षेत्र र रियादलाई समेत लक्षित गरेको छ । यस घटनाले खाडी क्षेत्रमा सुरक्षा र शान्ति कायम राख्ने चुनौती अझ बढाएको छ र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय समुदायको ध्यान केन्द्रित गरेको छ ।

## विश्व सङ्क्षेप

# इरानमा अमेरिका-इजरायल आक्रमणको समीक्षा गर्न आईएईएद्वारा असाधारण बैठक आह्वान

भियना, १ मार्च (एएफपी) । अमेरिका र इजरायलको आक्रमणपछि इरानको आणविक कार्यक्रमसँग सम्बन्धित घटनाक्रमको समीक्षा गर्न संयुक्त राष्ट्रसङ्घको आणविक एजेन्सी (आईएईए) ले सोमबार इरान विषयमा असाधारण बैठक बोलाउने निर्णय गरेको छ ।

भियनामा आधारित आइएइएले शनिबार विज्ञप्ति जारी गर्दै बैठक रुसको अनुरोधमा आयोजना गरिएको बताएको छ । यसअघि इरानले आइएइए प्रमुख राफेल ग्रोसीलाई पत्र लेखेर आक्रमणपछि घटनाको तत्काल समीक्षा गर्न अनुरोध गरेको थियो ।

एजेन्सीले आफ्नो विज्ञप्तिमा भन्यो, "इस्लामिक गणतन्त्र इरानको भूभागमा अमेरिका र इजरायलले गरेको सैन्य आक्रमणसँग सम्बन्धित मामिलाहरूमा आइएइए बोर्ड अफ गभर्नरहरूको विशेष सत्र आयोजना हुनेछ ।" उक्त सत्र ३५ देशको प्रतिनिधित्व गर्ने बोर्डको पहिले नै तय गरिएको सत्रअघि हुनेछ ।

आइएइएले आक्रमणपछिका घटनाक्रमलाई नजिकबाट निगरानी गरिरहेको बताउँदै चेतावनी दिएको छ, "यस क्षेत्रका मानिसहरूलाई कुनै पनि आणविक सुरक्षा जोखिमबाट बचाउन संयम अपनाउन आवश्यक छ ।" गोप्य रिपोर्टअनुसार आइएइएले इरानमा रहेका सबै आणविक सामग्रीको प्रमाणीकरण गर्ने कामलाई अत्यन्त जरुरी भएको उल्लेख गरेको छ ।

पश्चिमी देशहरू, विशेषगरी अमेरिका र इजरायलले इरानमाथि नागरिक उद्देश्यभन्दा पर गएर आणविक हतियार प्राप्त गर्न खोजिरहेको आरोप लगाउँछन् । तर, तेहरानले आफ्ना सैन्य महत्त्वाकाङ्क्षाहरू अस्वीकार गर्दै आणविक प्रविधि केवल नागरिक उद्देश्यका लागि प्रयोग गर्ने अधिकारमा जोड दिएको छ ।

यस असाधारण बैठकले क्षेत्रीय तनाव बढिरहेको समयमा आणविक सुरक्षा र अन्तर्राष्ट्रिय निगरानी सुनिश्चित गर्ने नयाँ कदमको सङ्केत गर्दछ र वैश्विक समुदायले इरानको आणविक कार्यक्रममा पारदर्शिता सुनिश्चित गर्न दबाब बढाउने अपेक्षा गरिएको छ ।

# कराचीस्थित अमेरिकी वाणिज्य दूतावासमा प्रदर्शन : आठको मृत्यु, थुप्रै घाइते

कराँची, १ मार्च (एएफपी) । पाकिस्तानको आर्थिक केन्द्र कराचीमा आइतबार अमेरिकी वाणिज्य दूतावासमाथि इरान समर्थक प्रदर्शनकारीहरूको आक्रमण प्रयासका क्रममा कम्तीमा आठ व्यक्तिको मृत्यु भएको र २० भन्दा बढी घाइते भएको उद्धार सेवाले पुष्टि गरेको छ । घटनाले सहरको सुरक्षा अवस्था एकाएक तनावग्रस्त बनाएको छ ।

एएफपीका पत्रकारका अनुसार सयौँ युवा प्रदर्शनकारीहरू वाणिज्य दूतावासको मुख्य गेटमाथि चढेर कन्सुलर भवनको ड्राइभवेमा प्रवेश गर्न सफल भएका थिए । यस क्रममा केही झ्यालहरू तोडिएका थिए भने सुरक्षा टोलीले अश्रु ग्यास प्रहार गरी भीड तितरबितर पार्ने प्रयास गरेको थियो । सामाजिक सञ्जालमा सार्वजनिक भिडियोहरूमा वाणिज्य दूतावासको मुख्य भवनका झ्याल तोड्दै अमेरिकी झण्डा माथि उडिरहेको र वरिपरि काँडेदार तारले सुरक्षा घेराबन्दी गरिएको दृश्य देखाइएको छ ।

घटनास्थलमा एक युवा प्रदर्शनकारीले भने, "हामी एकताबद्ध रहनुपर्छ, कुनै पनि शक्तिले हामीलाई रोक्न सक्दैन ।" अर्काले भने, "हामीले कराँचीस्थित अमेरिकी वाणिज्य दूतावासमा आगो लगाउँदैछौँ, भगवानको इच्छा भए हामी आफ्ना नेताको हत्याको बदला लिन्छौँ ।" यद्यपि, आगजनी प्रयास पूर्णरूपमा सफल भएको पुष्टि हुन सकेको छैन ।

यसैबिच पूर्वी सहर लाहोर र उत्तरी स्कार्दूमा पनि हजारौँ मानिसहरू सडकमा उत्रिएका छन् । राजधानी इस्लामाबादस्थित अमेरिकी दूतावास रहेको कूटनीतिक क्षेत्रमा दिउँसो थप प्रदर्शन हुने अपेक्षा गरिएको छ । देशका विभिन्न भागमा फैलिएको आक्रोशले सुरक्षा निकायलाई उच्च सतर्कतामा राखेको छ ।

यस घटनालाई विश्लेषकहरूले क्षेत्रीय राजनीतिक तनावसँग जोडेर हेरेका छन् । विशेष गरी इरान-अमेरिका-इजरायल सम्बन्धको पछिल्लो सङ्घर्षपछि यस्तो प्रतिक्रियाले गम्भीर सुरक्षा चुनौती प्रस्तुत गरेको देखिन्छ । प्रदर्शन र आक्रमण प्रयासले पाकिस्तानमा विदेशी दूतावासको सुरक्षा व्यवस्थामा फेरि व्यापक सतर्कता र आपतकालीन तयारी आवश्यक भएको पुष्टि गरेको छ ।

# महाराष्ट्रको विस्फोटक कारखानामा १७ जनाको मृत्यु

नयाँदिल्ली, १ मार्च (एएफपी) । पश्चिमी भारतीय राज्य महाराष्ट्रको नागपुरमा आइतबार एक विस्फोटक कारखानामा भएको विस्फोटमा कम्तीमा १७ जनाको मृत्यु भएको र अन्य १८ जना घाइते भएको राज्यका अधिकारीहरूले पुष्टि गरेका छन् । उद्धार कार्य तीव्र गतिमा जारी छ ।

विस्फोट मुम्बईबाट करिब ८०० किलोमिटर टाढाको नागपुरमा भएको हो, जहाँ उद्धार कार्यलाई प्राथमिकता दिइएको छ । घटनाको पूर्ण अनुसन्धानका लागि आदेश दिइएको छ ।

यो घटनाले भारतमा औद्योगिक सुरक्षा उपायको महत्त्व पुनः स्मरण गराएको छ । गत वर्ष पनि पश्चिमी भारतमा आतसबाजी कारखानामा भएको विस्फोटमा २१ जनाको मृत्यु भएको थियो । यसअघि, शनिबार दक्षिणपूर्वी भारतीय राज्य आन्ध्र प्रदेशको पटाखा कारखानामा भएको विस्फोटमा २१ जनाको ज्यान गएको थियो । भारतमा औद्योगिक दुर्घटनाहरू प्रायः सुरक्षा आवश्यकताहरूको अवहेलना र शिथिल कार्यान्वयनका कारण हुने गरेका छन् ।

# मायाजालको संसार

✍ इकुश्रे

संसारको कुनै पनि प्रयोगशालाले नाप्न नसकेको र कुनै पनि शब्दकोशले पूर्ण रूपमा व्याख्या गर्न नसकेको एउटै मात्र अभौतिक तत्त्व माया नै हो। मानिसको जन्मदेखि मृत्युसम्मको अन्तरालमा जे-जति दृश्यहरू मञ्चन हुन्छन्, ती सबैको नेपथ्यमा माया नै एउटा अदृश्य ऊर्जाका रूपमा प्रवाहित भइरहेको हुन्छ। मानव जीवनको यात्रा वास्तवमा मायाकै एउटा लामो र अविच्छिन्न यात्रा हो। यो धर्तीमा मानव सभ्यताको विकास र निरन्तरताको मूल जड नै मायाको जगमा अडिएको छ। सभ्यता, संस्कृति, भाषा, धर्म, कला र विचारका सबै प्रवाहहरू अन्ततः मायाकै नदीका विविध शाखा-प्रशाखा हुन्।

मानव जीवनमा, मायाकै आधारमा विवाहको पवित्र गाँठो कसिन्छ र त्यही मायाको जैविक एवं भावनात्मक उत्कर्षमा एउटा नयाँ जीवन अर्थात् सन्तानको उदय हुन्छ। यो एउटा शारीरिक प्रक्रिया वा सामाजिक सम्झौता मात्र होइन, यो त एउटा अस्तित्वले अर्को अस्तित्वलाई सुम्पिएको सृष्टिको नासो हो। एउटा सूक्ष्म कोषिकाबाट सुरु भएको जीवन जब आमाको काखमा आएर पहिलोपटक मुस्कुराउँछ, तब प्रकृतिको सबैभन्दा ठूलो चमत्कार 'माया' ले मूर्त रूप लिन्छ। त्यो मुस्कान केवल सामान्य हाँसो होइन, त्यो ब्रह्माण्डले आफूलाई पुनः एकपटक आफ्नो अस्तित्वको प्रमाण पुष्टि गरेको क्षण हो। यहींबाट सुरु हुन्छ मायाका अनेकौं रङ्गहरूको अनन्त र रोचक लीला, जसमा प्रत्येक सम्बन्ध एउटा नयाँ अर्थ र नयाँ जिम्मेवारीका साथ फक्रिन्छ।

हुर्कंदै जाँदा मानिसले मायाका अनेक रूप र स्वरूपहरूसँग साक्षात्कार गर्छ। कतै धनको माया छ, जसले मानिसलाई बाँच्नका लागि सङ्घर्ष गर्न, पसिना बगाउन र भौतिक संसारमा आफ्नो स्थान सुरक्षित गर्न अहोरात्र प्रेरित गरिरहन्छ। जब यो आसक्ति सन्तुलित रहन्छ, तब यसले प्रगतिको मार्ग प्रशस्त गर्छ। तर, जब यही माया अन्धो लालसामा परिणत हुन्छ तब यसले मानवीय संवेदनालाई छायामा धकेलिदिन्छ। त्यसैले मायाको मूल्य यसको सन्तुलनमा निहित छ।

कतै आमाबाबुको त्यो अगाध र निःस्वार्थ स्नेह छ, जसको शीतल छहारीमा सन्तानले संसारका सारा राप, ताप र आँधीबेहरीहरू बिर्सिन्छन्। आमाको ममता र बुबाको संरक्षण नै त्यो पहिलो पाठशाला हो, जहाँ मानिसले मानवताको कखरा सिक्छ। त्यहाँ कुनै औपचारिक पाठ्यक्रम हुँदैन, तर त्यहींबाट जीवनको सबैभन्दा गहिरो पाठ आरम्भ हुन्छ - सहनशीलता, त्याग, कर्तव्य र करुणाको पाठ। यही मायाको ऊष्माले बालमनमा विश्वासको बीउ रोप्छ, जसले भविष्यमा आत्मबल र स्वाभिमानका वृक्षहरू फैलाउँछ।

छोराछोरीप्रतिको माया त झन् यस्तो अनौठो र कसिलो जञ्जाल हो, जसले मानिसलाई आफ्नो नितान्त स्वार्थ र सुखभन्दा माथि उठेर अर्को पुस्ताका लागि बाँच्न, सङ्घर्ष गर्न र बलिदान दिन सिकाउँछ। आफ्ना सन्तानको एउटा सानो मुस्कानका लागि संसारसँग लड्न तयार हुने साहस नै मायाको असली शक्ति हो। यो त्यागमा पनि आनन्द खोज्ने अद्भुत क्षमता हो। यही कारणले मानव इतिहासमा असङ्ख्य उदाहरणहरू भेटिन्छन्, जहाँ अभिभावकहरूले आफ्ना सपनाहरू स्थगित गरेर सन्तानका सपनालाई प्राथमिकता दिएका छन्। यसरी माया व्यक्तिगत सीमालाई अतिक्रमण गर्दै वंशानुगत निरन्तरताको सूत्र बन्छ।

माया घरभित्र मात्र सीमित हुँदैन, यसले एउटा विशाल सामाजिक सञ्जाल निर्माण गर्छ। आफन्त, इष्टमित्र र नातागोताको मायाले एउटा यस्तो भावनात्मक तानाबाना बुन्छ, जहाँ व्यक्तिले आफूलाई कहिल्यै एक्लो महसुस गर्दैन। चाडपर्व, उत्सव र भेटघाटहरू वास्तवमा यही मायालाई नवीकरण गर्ने माध्यमहरू हुन्। समाजमा परोपकार, सहकार्य र सहअस्तित्वको भावना पनि यही मायाबाट प्रस्फुटित हुन्छ। मानिसले बिरानो भूगोललाई समेत आफ्नो कर्मभूमि बनाउँछ, अपरिचित व्यक्तिलाई समेत आफ्नै मुटुको टुक्रा मान्छ र निर्जीव ढुङ्गामा पनि प्राण प्रतिष्ठा गरेर देउताका रूपमा पुज्न थाल्छ- यो सबै मायाको विस्तार हो।

तर, मायाको यो यात्रा प्राप्ति, मिलन र सुखका रङ्गीन क्षणहरूमा मात्र सीमित छैन। यसको अर्को गहिरो, गम्भीर र कहिलेकाहीं अत्यन्तै पीडादायी पाटो वियोग र मृत्युको करुण रससँग पनि अभिन्न रूपले जोडिएको छ। मायाको पराकाष्ठामा रमाइरहेकै बेला जब प्रियजन बिदा हुन्छन्, तब हृदयमा एउटा अथाह शून्यता जन्मिन्छ। त्यो क्षण संसारकै सबैभन्दा कठोर र अर्थहीन लाग्न सक्छ। मानिसलाई लाग्छ- अब सबै सकियो, मायाको अन्त्य भयो। तर के मृत्युले मायाको अस्तित्वलाई साँच्चै समाप्त पार्छ त ?

दार्शनिक र आध्यात्मिक दृष्टिले हेर्ने हो भने मृत्यु त केवल भौतिक शरीरको विसर्जन हो। त्यसैले, मायाको कहिल्यै अन्त्य हुँदैन। मृत्युपछि पनि मायाको धारा झन् प्रगाढ भएर निरन्तर चलिरहन्छ। आफ्ना प्रियजनको मृत्युपछि पनि बाँचेको जीवन, उनीहरूकै सम्झनामा बितिरहेको हुन्छ। हाम्रा हातहरूले उनीहरूका कपडा मुसार्छन्। हाम्रा आँखाहरूले उनीहरूका पाइला नियाल्छन्। उनीहरूका सयौं स्मृतिले हामीलाई बेलाबेलामा भावुक बनाइरहन्छ।

मायालाई संस्कारका रूपमा सुरक्षित राख्ने परम्परा पनि सर्वत्र पाइन्छ। हाम्रो पूर्वीय संस्कारअनुसार पितृहरूका सम्झनामा श्राद्ध गरिन्छ। उनीहरूले देखाएको सत्यको बाटोमा हिँड्ने दृढ सङ्कल्प र उनीहरूले छोडेर गएका संस्कार एवं आदर्शहरू नै मृत्युपछिको मायाका जीवन्त स्वरूप हुन्। जसरी एउटा खोला बलौटे सतहमा तल हराए पनि त्यसमाथिको भाग रसाइरहन्छ त्यसरी नै मानिस भौतिक रूपमा बिदा भए पनि उसले छोडेर गएको प्रेमको सुवास वर्षौंसम्म हावामा तैरिरहन्छ। यही स्मृति नै मायाको शाश्वतता हो।

पूर्वीय दर्शन, विशेषगरी वेदान्तले यो सम्पूर्ण दृश्य जगत्‌लाई नै 'माया' को संज्ञा दिएको छ। यहाँ 'माया' शब्दका दुईवटा गहन अर्थ छन्- एउटा स्नेह र अनुराग, अर्को दिव्य भ्रम। पहिलो अर्थले संसारलाई जोड्छ, दोस्रो अर्थले संसारलाई चलायमान राख्छ। यदि सबै कुरा स्थायी र अपरिवर्तनीय हुन्थे भने जीवनमा न त आकर्षण रहन्थ्यो, न त प्रयत्नको अर्थ हुन्थ्यो। नश्वरता नै प्रयत्नको प्रेरणा हो र यही नश्वरतालाई स्वीकारेर अघि बढ्नु नै मायाको गूढ पाठ हो।

मायामा अद्भुत सृजनशीलता हुन्छ। मायाकै कारणले कला, साहित्य र सङ्गीतको जन्म भएको हो। कविको कलम, चित्रकारको ब्रस र सङ्गीतकारको स्वर सबै मायाको स्पन्दनबाटै प्रेरित हुन्छन्। उत्कृष्ट कृतिहरू केवल अनुभूत मायाको अभिव्यक्ति हुन्– चाहे त्यो देशप्रेम होस्, प्रकृतिप्रेम होस् वा मानवताप्रेम। मायाले मानिसलाई कहिलेकाहीं कमजोर बनाउँछ, तर त्यही कमजोरी संवेदनशीलताको स्रोत पनि हो। संवेदनशीलताबिना न त महान् कला सम्भव छ, न त सच्चा मानवता।

अन्ततः, यो सम्पूर्ण संसार नै मायाको एउटा विराट र रहस्यमय प्रतिबिम्ब हो। यहाँ आएपछि मानिस मायाको जालमा बाँधिन्छ, मायाकै लागि सङ्घर्ष गर्छ, मायाकै नाममा आँसु झार्छ र अन्त्यमा मायाकै अनगिन्ती स्मृतिहरू सापट छोडेर शून्यतामा विलीन हुन्छ। जन्म र मृत्युको बिचमा जे-जति अर्थपूर्ण पलहरू छन्, ती सबै मायाकै विविध अभिव्यक्ति हुन्।

यो संसारलाई मायाको संसार भन्नु जीवनको सबैभन्दा गहिरो सत्यलाई स्वीकार्नु हो। पुस्ताहरू फेरिन्छन्, अनुहारहरू बदलिन्छन्, समयको गतिसँगै सबै कुरा परिवर्तन हुन्छन्, तर मायाको त्यो आदिम धारा कहिल्यै रोकिँदैन। माया चलिरहन्छ, मायासँगै संसारको यो महाचक्र निरन्तर घुमिरहन्छ। जबसम्म ब्रह्माण्डमा एउटा पनि हृदय धड्किन्छ, तबसम्म माया जीवित रहन्छ। वास्तवमा हामी सबै मायाका सन्तान हौं- मायाबाटै जन्मिएका, मायामै हुर्किएका र अन्ततः मायामै विलीन हुने यात्री। यही शाश्वत निरन्तरता नै सृष्टिको सबैभन्दा सुन्दर, गूढ र गौरवमय रहस्य हो।

*यो संसारलाई मायाको संसार भन्नु जीवनको सबैभन्दा गहिरो सत्यलाई स्वीकार्नु हो। पुस्ताहरू फेरिन्छन्, अनुहारहरू बदलिन्छन्, समयको गतिसँगै सबै कुरा परिवर्तन हुन्छन्, तर मायाको त्यो आदिम धारा कहिल्यै रोकिँदैन। माया चलिरहन्छ, मायासँगै संसारको यो महाचक्र निरन्तर घुमिरहन्छ। जबसम्म ब्रह्माण्डमा एउटा पनि हृदय धड्किन्छ, तबसम्म माया जीवित रहन्छ।*

# भीम रथारोहण : दीर्घायुको उत्सव

✍ सत्य सुवाल

समयको गतिसँगै मानिसको उमेर ढल्किँदै जान्छ, तर नेवारी संस्कारमा ७७ वर्षको उमेरमा गरिने 'भीम रथारोहण' ( जङ्को) बुढ्यौलीको उत्सव मात्र होइन; यो त मानव चोलाबाट मानवीय चक्र पूरा गरी देवत्वतर्फको महाप्रस्थान हो। ७७ वर्ष (भीम रथारोहण), ८८ वर्ष ( चन्द्र रथारोहण) र ९९ वर्ष (देव रथारोहण) का यी खुड्किलाहरू पार गर्नु भनेको कालमाथि विजय प्राप्त गर्नु जस्तै हो। आजको वैज्ञानिक युगमा यसको सन्देश स्पष्ट छ - जसले युवावस्थादेखि नै 'आहार शुद्धौ सत्त्व शुद्धिः' को मर्म बुझेर जाँड-रक्सी र कुलतबाट टाढा रही संयमित जीवन बिताउँछ, उसले मात्र यो गौरवमय रथमा बस्ने सौभाग्य पाउँछ। यो उत्सवले नयाँ पुस्तालाई एउटै मन्त्र सिकाउँछ : "स्वस्थ रहे मात्र देवतुल्य सम्मान पाइन्छ।"

'भीम' को शाब्दिक अर्थ भयानक वा अत्यन्तै शक्तिशाली हुन्छ। पौराणिक सन्दर्भमा भीमसेनलाई अदम्य साहस र शक्तिको प्रतीक मानिन्छ। ७७ वर्षको उमेरमा गरिने जङ्कोलाई 'भीम रथारोहण' भन्नुको अर्थ यो हो कि– मानिसले आफ्नो जीवनका ७७ वर्षसम्मका अनेकन् रोग, व्याधि र सांसारिक कष्टहरूलाई भीमले जस्तै पराजित गरेर विजय प्राप्त गरेको छ। यो उमेरसम्म बाँच्नु नै आफैँमा एउटा ठूलो 'भीमकाय' सफलता हो भन्ने सन्देश यसले दिन्छ।

यस सम्पूर्ण उत्सवको सबैभन्दा रहस्यमय र महत्त्वपूर्ण अध्याय जङ्कोको अघिल्लो दिन गरिने 'बयरको श्राद्ध' हो। सामान्यतया श्राद्ध मरेपछि गरिन्छ। तर, जङ्कोमा यो 'जीवित श्राद्ध' को रूपमा प्रकट हुन्छ। पौराणिक कालखण्डमा जब ऋषिमुनिहरूले सन्न्यास लिनुअघि आफ्ना सबै सांसारिक ऋणहरूबाट मुक्त हुन 'आत्म-श्राद्ध' गर्थे, यो परम्परा त्यसैको एउटा विकसित रूप हो। रामायणमा माता शबरीले भक्तिपूर्वक चखाएका बयरले भगवान् रामलाई तृप्त पारेझैँ, यहाँ 'बयर' लाई मोक्ष र भक्तिको प्रतीक मानिन्छ।

यो श्राद्ध मृत पितृको उद्धारका लागि मात्र होइन, बरु जङ्को गर्ने व्यक्तिलाई 'अशुद्ध मानव' बाट 'शुद्ध देवता' बनाउनका लागि गरिने अन्तिम सफाइ हो। यस श्राद्धमा पिण्ड दान र पिताम्बर धोतीको आवश्यकता पर्दैन न त आफन्तले 'पेकी' (पिठो-चामल) नै ल्याउनुपर्छ। यहाँ एउटा अचम्मको धार्मिक नियम छ : यो श्राद्ध सम्पन्न गरेपछि र सो सामग्री खोलामा नसेलाएसम्म आफन्तमा कसैको मृत्यु भए पनि 'जुठो' (अशौच) बार्नु पर्दैन। यसको अर्थ यो हो कि जङ्को गर्ने व्यक्ति अब सामान्य मानिस रहेन, ऊ 'देव स्वरूप' भइसक्यो र देवतालाई कसैको मृत्युको जुठो लाग्दैन। यो सामग्री खोलामा नसेलाएसम्म आफन्तको नियमित श्राद्ध गर्न समेत वर्जित हुन्छ, किनकि यो 'देव-स्तर' को कार्य हो। पितृ र स्वयं जीवित देवतालाई यसरी तृप्त पारेपछि मात्र घरमा शुभकार्य गर्न मिल्छ।

जङ्कोको दिन बिहानै, कागसमेत नबासेको पवित्र प्रहरमा ज्वाइँले हनुमानघाटको जल ल्याएर बुबालाई अभिषेक गर्छन्। त्यसपछि नापित समुदायको विशिष्ट भूमिकासँगै कपाल खौरिने र नङ काटेर चोखो बनाउँदा ती अवशेषहरूलाई छोरीहरूले भुइँमा खस्न दिइँदैन। काँसको थालमा नयाँ पोशाकसहित ती अवशेषहरू थापिन्छ र पछि त्यसलाई पवित्र गङ्गामा सेलाउन पठाइन्छ। प्रयोग गरिएको सो काँसको थाल र नयाँ पोशाक छोरीहरूलाई उपहार दिइन्छ। यसले अभिभावकको शरीरको एउटा अंश पनि अब पूजनीय भइसक्यो भन्ने धार्मिक विश्वासलाई बलियो बनाउँछ।



होम स्थलमा काँचो ईँटाको यज्ञ बनाइन्छ, जहाँ धर्तीबाट उब्जिएका दाल, चामल, तिल, जौ, मह, घ्यू, मास, भटमास, केराउ, कस्तुरी तेल र फलफूलजस्ता पवित्र द्रव्यहरूले कोटिहोम गरिन्छ। यो होमले धर्तीको अन्न खाएर बाँचेको शरीरलाई धर्तीप्रति नै कृतज्ञ तुल्याउँछ। यसपछि बुबालाई सुनका गहना, नयाँ लुगा, कपासको खास्टो र टाउकोमा सेतो कपडाको पगरी बाँधेर श्रीपेच जस्तै सजाउँदा उहाँ साक्षात् देवता देखिनुहुन्छ।

बुबा अब साधारण मानिस नभएकाले जेठो छोराले उहाँलाई बोकेर रथसम्म पुऱ्याउँछ। रथमा राखिएको घोडा अङ्कित फोटोले इन्द्रियहरूमाथिको विजय र शक्तिको अर्थ लगाउँछ। रथमा विराजमान भएपछि जेठो छोराले काठको पाथीमा उखु, योमरी, मुतुम्हारी र सियाबजी राखेर बुबालाई चढाउँदै सम्मान प्रकट गर्दछ। सेतो पतुको (डोरी) ले स्वर्गको मार्गको सङ्केत गर्छ, जसलाई छोरी, ज्वाइँ, नाति, पनाति र खनातिसम्मका चार-पाँच पुस्ताले गौरवका साथ तान्दछन्। अगाडि जेठी बुहारीले नयाँ कुचोले बाटो बढार्दै र जेठो छोराले दूबोको हाँगाले पवित्र जल छर्कंदै, बाजागाजाका साथ नगरका प्रमुख स्थानहरूमा परिक्रमा गराइन्छ। यो दृश्यले पारिवारिक माया र सामाजिक सहिष्णुताको अनुपम नमुना प्रस्तुत गर्छ।

परिक्रमा पछि पुरोहितले वैदिक विधिले पूजा गर्छन्। त्यसपछि पुनः जेठो छोराले बुबालाई बोकेर यज्ञ स्थलसम्म पुऱ्याउँछन्। यसले के सन्देश दिन्छ भने - देवत्व प्राप्त गर्नुभएको बुबाले अब पैदल हिँड्नु हुँदैन, उहाँ पूजनीय हुनुहुन्छ। छोरी ज्वाइँ दाजुभाइ, मामा तथा आफन्तहरूले दही, अण्डा र नयाँ कपडासहितको 'सगुन' दिएर सम्बन्धलाई नवीकरण गर्छन्।

शास्त्रमा 'दान' भन्नाले निःस्वार्थ भावले अरूको हितका लागि दिइने वस्तु बुझिन्छ भने 'दक्षिणा' भन्नाले यज्ञ वा अनुष्ठान सम्पन्न गराएबापत पुरोहितलाई दिइने श्रद्धापूर्वकको पारिश्रमिक हो। दक्षिणा सधैँ दाताको गच्छे र श्रद्धामा निर्भर हुनुपर्छ। तर, आजभोलि जङ्को वा अन्य पवित्र शुभकार्यमा पनि पुरोहितहरूले 'मु-दक्षिणा' का नाममा पटक-पटक हजारौं रूपैयाँको मोलतोल गर्दा यो संस्कार कता-कता 'व्यापार' जस्तो बनेको आभास हुन्छ। दक्षिणाको नाममा हुने यस्तो जबरजस्तीले उत्सवको आध्यात्मिक आनन्दमा खल्लोपन ल्याउँछ। तर, केही खल्लोपन ल्याए तापनि, यसको मूल मर्म ज्येष्ठ नागरिकलाई सम्मान गर्नु नै हो।

अन्ततः, भव्य भोजसँगै समापन हुने यो भीम रथारोहण वैज्ञानिक रूपमा स्वास्थ्यको कदर गर्ने, पितृलाई तृप्त पार्ने र जीवित अभिभावकलाई 'मानवबाट देवता' बनाउने एउटा उत्कृष्ट सामाजिक कडी र जीवनको गौरवशाली अध्याय हो। यसले समाजमा ज्येष्ठ नागरिकको गरिमालाई उच्च राख्दै पितृमात्र होइन, देवताको समेत शुद्धीकरण र सम्मान गर्ने परम्परालाई जीवन्त राख्छ। भीम रथारोहणले वृद्धवृद्धालाई 'बोझ' होइन, 'देवता' को रूपमा सम्मान दिएर समाजमा उनीहरूको महत्त्व स्थापित गर्छ। यो राज्यले दिने 'सामाजिक सुरक्षा' भन्दा माथिको भावनात्मक सुरक्षा भन्दै समाजको असली शक्ति भनेको पुस्ताहरूबिचको एकता, अनुशासित जीवनशैली र जेठो पुस्ताप्रतिको अगाध सम्मान नै हो र प्रगतिशील हुनु भनेको जरा काट्नु होइन, बरु जरा बलियो बनाउँदै हाँगा फैलाउनु हो भन्ने सन्देश भीम रथारोहणले जीवन्त राखेको छ।

*(यो लेख सुवालको पिताको भीम रथारोहनमा पुरोहित 'बज्रु' सँग संवादको आधारमा तयार गरिएको हो।)*



दैलेखको चामुन्दा बिन्द्रसैनी नगरपालिकाको जम्बुकाँधमा नेपाल मजदुर किसान पार्टीको चुनावी जनसभामा देउडा गीत प्रस्तुत गर्दै गायक विनोद विक र गायिका सपना शाही तथा उपस्थित जनसमुदाय आइतबार । *तस्बिर : मजदुर दैनिक*

# निर्वाचन आचारसंहिताको पालना गर्न आयोगको आग्रह

काठमाडौँ, १७ फागुन । राष्ट्रिय मानव अधिकार आयोगले आसन्न निर्वाचनलाई शान्तिपूर्ण, भयरहित र मानव अधिकारमैत्री रूपमा सम्पन्न गर्नको लागि निर्वाचन आचारसंहिता पूर्ण रूपमा पालना गर्न आग्रह गरेको छ ।

निर्वाचन सफल पार्न सबैको भूमिका महत्त्वपूर्ण हुने भएकोले सबै पक्षले धैर्यता र संयमता अपनाउन, सामाजिक सञ्जालको दुरुपयोग नगर्न, गालीगलौज गर्ने प्रकारका सामग्री उत्पादन र प्रकाशन/प्रसारण नगर्न, शान्ति सुरक्षालाई थप मजबुत बनाउन, सम्भावित अवाञ्छित गतिविधि हुन नदिन तथा निर्वाचन आचारसंहिताको पूर्ण परिपालना गर्न आयोगले आग्रह गरेको छ । आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलद्वारा जारी प्रेस विज्ञप्तिमा निर्वाचनलाई मानव अधिकारमैत्री बनाई नागरिकको मानव अधिकारको सम्मान गर्न नेपाल सरकारलगायत सम्बद्ध सबै पक्षलाई आग्रह गरिएको उल्लेख छ ।

"आयोगले गरेको निर्वाचनपूर्वको अनुगमनको क्रममा उम्मेदवारबाट निर्वाचन आचारसंहिताको पूर्ण परिपालना हुन नसकेको पाइएको छ, देशका विभिन्न भागमा र्‍याली तथा सभामा बालबालिका सहभागी हुनु, पत्रकारमाथि धम्की तथा कुटपिट हुनु आचारसंहिताविपरीत हो", विज्ञप्तिमा भनिएको छ, "भौतिकरूपमा चुनाव चिह्नको प्रयोग हुनु, बिनाअनुमति व्यक्तिका घरमा प्रचार सामग्री र झन्डा टाँगिनु, स्थानीय निकाय तथा प्रदेश सरकारका पदाधिकारी निर्वाचनको प्रचारप्रसारमा सहभागी हुने गरेको पाइएको छ ।"

अनुगमनको क्रममा उम्मेदवारले अनुमतिबिना बढी सवारीसाधन प्रयोग गर्नु, मतदातालाई अनुचित प्रभाव पार्ने प्रयास गरिनु, दलका कार्यकर्ता र समर्थकले सामाजिक सञ्जालको दुरुपयोग गरी एकापसमा गालीगलौज गर्ने गरेको पाइएको आयोगले जनाएको छ । सीमान्तकृत समुदायमा पर्याप्त मतदाता शिक्षा पुग्न नसक्नुजस्ता तथ्य पाइएको भए पनि दलका नेता र उम्मेदवारबिचको आपसी सौहार्दता, सुरक्षा निकायको सुरक्षा सतर्कता तथा निर्वाचन अधिकारी र स्थानीय प्रशासनबाट भएको निर्वाचनको तयारीजस्ता विषयलाई आयोगले सकारात्मक रूपमा लिएको विज्ञप्तिमा उल्लेख छ ।

फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनको सन्दर्भमा आयोगले अनुगमन टोली बनाई ४२ जिल्लामा निर्वाचनपूर्वको अनुगमन गरेको छ । आयोगको केन्द्रीय तथा प्रदेश कार्यालयबाट खटिएको अनुगमन टोलीले निर्वाचन अधिकृतको कार्यालयबाट भएको निर्वाचन तयारी, आचारसंहिताको पालनाको स्थिति, शान्तिसुरक्षाको अवस्थालगायतका विषयमा प्रमुख निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायसँग छलफल गरेको थियो ।

अनुगमनको क्रममा राजनीतिक दल, उम्मेदवार तथा मतदातासँग आयोगले जानकारी लिएको र आयोगले विगतका निर्वाचनदेखि नै निर्वाचन अनुगमन गरी प्राप्त तथ्यका आधारमा सम्बन्धित निकायलाई आवश्यक सिफारिस गरी निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन आग्रह गर्दै आएको छ । आयोगले निर्वाचनको दिन पनि विभिन्न अनुगमन टोली बनाई देशैभर अनुगमन गर्नेछ । रासस

***इरान...***

महासचिव एन्टोनियो गुटेरेसले सैन्य कारबाहीले नियन्त्रणबाहिर जाने घटनाक्रम निम्त्याउन सक्ने चेतावनी दिनुभएको छ ।

तेहरान-वासिङटन वार्तामा मध्यस्थता गरिरहनुभएका ओमानका विदेशमन्त्रीले हिंसाबाट निराश भएको प्रतिक्रिया दिनुभएको छ । युरोपेली सङ्घ (ईयू) ले परिस्थितिलाई 'खतरनाक' भनेको छ । खाडी राष्ट्रहरूले संयुक्त वक्तव्यमार्फत इरानको आक्रमणको निन्दा गरेका छन् भने रुसले अमेरिका-इजरायल कारबाहीलाई 'खतरनाक विध्वंसक कार्य' भन्दै क्षेत्रीय विनाश निम्त्याउन सक्ने टिप्पणी गरेको छ । लेबनानको हिजबुल्लाह समूहले क्षेत्रीय राष्ट्र र जनतालाई अमेरिका र इजरायलविरुद्ध उभिन आह्वान गरेको छ ।

यसबिच इरान, इराक, कुवेत, सिरिया, संयुक्त अरब इमिरेट्स र इजरायलले नागरिक उडानका लागि आकाश आंशिक वा पूर्ण रूपमा बन्द गरेका छन् । धेरै अन्तर्राष्ट्रिय विमान सेवाहरूले मध्यपूर्वका उडान स्थगित गरेका छन् । रुसले पनि इरान र इजरायलतर्फका व्यावसायिक उडान अर्को सूचना नआउञ्जेल रद्द गरेको जनाएको छ ।

तेहरानबाट सुरु भएको यो द्वन्द्वले अब खाडी क्षेत्र र विश्व शक्तिहरूलाई प्रत्यक्ष रूपमा तान्दै व्यापक क्षेत्रीय सङ्घर्षको सम्भावना बलियो बनाएको छ ।

***देश...***

योग्यताअनुसारको काम र कामअनुसारको ज्याला तथा व्यक्तित्व विकासमा समान अवसरको व्यवस्था हुने भएकोले समाजवादी व्यवस्था स्थापनाको लागि नेमकिपा सङ्घर्षरत छ भन्नुभयो ।

नेमकिपाको तर्फबाट काठमाडौँ क्षेत्र नं. ९ का उम्मेदवार शान्त महर्जनले नेमकिपाको घोषणापत्रअनुसार देश र जनताको पक्षमा कानुन बनाई सेवा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा सुमन महर्जनले पनि बोल्नुभएको थियो । सभाअघि घरदैलोसहित नगर परिक्रमा गरिएको थियो ।

***"नेमकिपा...***

हुँदा नेपालको जस्तो मुलुकमा प्रत्यक्ष असर पर्ने उल्लेख गर्नुभयो । "घर वरपरको वातावरण राम्रो नभए घरभित्र शान्ति हुँदैन, त्यसैगरी देशको अवस्था सुधार्न अन्तर्राष्ट्रिय परिस्थिति पनि न्यायपूर्ण हुनुपर्छ ।" उहाँले भन्नुभयो ।

एमसीसीलाई देशघाती सम्झौता भन्दै उहाँले विदेशी पुँजीको प्रभावलाई नवउपनिवेशवादसँग जोड्दै आन्तरिक विश्वासघात र बाह्य दबाबको गठजोडले राष्ट्र कमजोर हुन्छ भन्नुभयो ।

उहाँले कागज, कपास, धागो, इँट्टा, रबर र कपडा उद्योगजस्ता आधारभूत उत्पादन क्षेत्र निजीकरण गरेर समाप्त पारिएको चर्चा गर्नुभयो । ठुला पुँजीले साना पुँजीलाई ध्वस्त बनाउने प्रवृत्ति बढेको बताउँदै उहाँले शासक दलहरूको आर्थिक नीतिले मजदुर-किसानको हित नगरेको जनाउनुभयो । "शोषणलाई कानुन बनाएर वैधता दिने काम भइरहेको छ, नेमकिपा शोषणमुक्त समाज निर्माणको लागि सङ्घर्षरत छ ।" उहाँले भन्नुभयो ।

उहाँले संसद्लाई जीवन्त प्राज्ञिक थलो बनाउनुपर्नेमा शासक दलहरूले भत्ता पचाउने र सुविधा खोज्ने केन्द्र बनाएको बताउनुभयो । संसद् सदस्य हुनु भनेको के रातो पासपोर्ट बेच्ने काम हो ? उहाँले नेमकिपाले संसदमा भन्सार सुविधा नलिएको, सांसद पेन्सनको विरोध गरेको र नागरिकता विधेयकको विरोध गर्दै आएको उल्लेख गर्नुभयो । बहुदल आएपछि नेपालका नदीनालालाई भारतसँग साझा भन्दै सुम्पिएको जानकारी दिँदै उहाँले नेपाली लगानीमै जलविद्युत् र सिँचाइ आयोजना विकास गर्नुपर्ने धारणा राख्नुभयो । "३५ वर्ष हेर्यौं, शासक दलहरूले जनहितका पक्षमा केही गरेनन्, अबको विकल्प नेमकिपा हो, नेमकिपाको विकल्प अरू दल हुनसक्दैन ।" उहाँले भन्नुभयो ।

सभामा वाग्मती प्रदेशसभा सदस्य गीता काफ्लेले आफूलाई कम्युनिस्ट भन्ने दलहरू सरकारमा गएपछि किसान-मजदुरको हितमा काम नगरेको बताउनुभयो । "किसान रोइरहेका छन्, किसान रोएको देश कसरी समृद्ध हुन्छ ?" उहाँले भन्नुभयो ।

समयमै मल, जल र बीउबिजनको व्यवस्था गर्न शासक दल असफल भएको बताउँदै उहाँले देशको अस्तित्व जोगाउन, सीमा रक्षा गर्न र जनताको हित सुनिश्चित गर्न नेमकिपालाई जिताउनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रमका सभापति न्हुच्छेभक्त फौंजुले कृषिलाई आत्मनिर्भर बनाउन 'जसको जोत उसको पोत' कायम गर्नुपर्ने, मल कारखाना स्थापना गर्नुपर्ने, शिशुस्याहार केन्द्र र आदर निकेतनको व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याउनुभाये । चाँगुनारायण नगरपालिकामा नेमकिपाले दिएका जनमुखी सुझाव कार्यान्वयन नभएको बताउँदै उहाँले एमाले र काङ्ग्रेस नेतृत्वका जनप्रतिनिधिहरूले भ्रष्टाचार र कमिसन प्रवृत्तिलाई बढावा दिएको बताउनुभयो ।

स्थानीय गौरीमानसिं थापाले सरस्वती खेलस्थित नैन डाँडा संरक्षणमा नेमकिपाले सहयोग गरेको उल्लेख गर्दै सार्वजनिक जग्गा संरक्षणमा पार्टी प्रतिबद्ध रहेको बताउनुभयो । उद्घोषक श्याम अवालले सञ्चालन गरेको कार्यक्रममा नेमकिपा कोशी प्रदेशका राजाराम बासी र राजकुमार लघुको टोलीले चुनावी गीत प्रस्तुत गरेको थियो ।


हार्दिक श्रद्धाञ्जली



जन्म
१९९२/०८/११

निधन
२०८२/११/०९

गणेशमाया साँद

शुभ प्रभात समूहका सदस्य शिवराम साँदका पूजनीय माता **गणेशमाया साँद**को असामयिक निधन भएको आज दसौँ दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्नुका साथै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

साथीहरू

| | | |
|---|---|---|
| कान्छा कासिछ्वा | कृष्णप्रसाद प्रजापति | राजन नापित |
| कृष्णभक्त लवजु | तुल्सीदास दुमरु | विश्वराम लवजु |
| गणेशमान वाताँकछी | सुन्दर मानन्धर | ज्ञानबहादुर मानन्धर |
| सिद्धिराम प्रजापति | कृष्णप्रसाद दुवाल | सीताराम अवाल |
| राजेन्द्र दुमरु | लक्ष्मीप्रसाद लाखा | रामकृष्ण दुमरु |
| कृष्णगोविन्द खाइजु | बद्रीप्रसाद माक | |

शुभ प्रभात समूह, भक्तपुर



पाठेघरको मुखको क्यान्सरका लक्षण

❖अनियमित वा महिनावारी रोकिएपछि पनि रक्तस्राप हुनु।
❖योनिबाट बढि मात्रामा सेतो पानी बग्नु।
❖शारीरिक सम्बन्धको समयमा दुखाई हुनु।
❖शारीरिक सम्बन्धपछि रगत बग्नु।
❖तल्लो पेट, ढाड वा कम्मर दुख्नु।
❖पिसाब गर्दा दुख्नु वा रगत देखिनु।
❖शरीर कमजोर हुनु।

यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा